साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४४ अंक १० २०८२ असोज १४ गते मंगलबार (Sep.30, 2025) मूल्य रू. १०/-

## नयाँ जिवित कुमारी

३२ लक्ष्यणले युक्त भएकी आर्यतारा शाक्य नयाँ कुमारी बनेकी छिन्, आज आसन ग्रहण गराउने कार्यक्रम रहेको छ।

नयाँ कुमारी साँढे दुई वर्षकी छिन् । इटुम्बहादलकी तृष्णा शाक्यलाई बाजागाजासहित बिदाई गरिने र नयाँ कुमारीलाई आसनमा बिधिपूर्वक बसाइने छ।

जयप्रकाश मल्लको पालादेखि तलेजु भवानी (दुर्गा, बज्रदेवी)को रुपमा कुमारीलाई पूजा गरिन्छ।






# नेपोटिजमविरुद्ध जेनजीको शंखघोष






अब फरियावाद चल्दैन, विधिको शासन, समानता, योग्यताको कदर हुन्छ, भ्रष्टाचार हुनसक्दैन। नवयुवा जागेपछि जागरण आयो, हरेक भ्रष्टाचारी सचेत भएका छन्, अपराधी र न्यायकर्मीलाई पनि सचेत गराएको छ। सुशासन कस्तो हो, अब देखिनुपर्छ।

## नेपोटिजमबिरुद्ध जेनजी पुस्ता

भदौ २३ र २४ गतेको जेनजी पुस्ताले गरेको आन्दोलनमा दुई ठूला पार्टीको सरकारले हिटलरी शैलीले दमन गर्दा नवयुवाले लोकतान्त्रिक गणतन्त्रको बहुदलपछिको ३७ वर्षे र ०६३ को परिवर्तनपछिको १८ वर्षे साम्राज्यलाई परास्त गरिदिए। नवयुवाले जिते। जेनजी पुस्ताको आन्दोलन बिद्रोहमा रुपान्तरण भएपछि पुराना र ठूला भनिएका पार्टी र पार्टी नेताहरुका लागि ज्यान जोगाएर भाग्नुपर्ने, लुकेर बस्नुपर्ने अवस्थामा पुऱ्याइदिए। नवयुवा उठेपछि परिवर्तन हुनेरहेछ भन्ने श्रीलंका, बंगलादेशपछि नेपालमा मात्र होइन, विश्वमै आश्चर्यजनक घटना हुनपुग्यो।

भदौ २३ गते कांग्रेस, एमालेको सत्ताले जसरी पनि नवयुवाको आन्दोलनलाई रोक्नु भन्ने आदेश दिएपछि स्कूले बालबालिका सहितको जेनजी पुस्तामाथि गोली ठोकियो। २३ गते एकै दिन १९ नवयुवाले ज्यान गुमाए।

त्यसपछि पनि सत्तामा मदहोस भएका ड्याकुल्ला, हिटलररुपका शासकहरुमा संवेदना भन्ने देखिएन। २४ गते देशैभरि जुलुस निस्कियो। जेनजी पुस्तालाई आमनागरिकले साथ दिए। शासकहरुको मात्र होइन, संसद भवन र कतिपय सांसद, नेता जो बदनाम थिए, तिनका घरमा आगो लगाइयो। लोकतान्त्रिक गणतन्त्र नामको नाताबाद, फरियावाद, भ्रष्टाचारवाद, अपराधवाद सबै ढल्न थालेको थियो। हो, आगजनीमा जेनजी पुस्ताको हात थिएन तर यति ठूलो घूसपैठ भयो कि देशका इतिहास, पुरातात्वीक, सांस्कृतिक धरोहरहरु खरानी हुनपुग्यो। देशभरि कि आगाको ज्वाला देखियो, कि त धुवाँको मुस्लो। देशैभरि सुशासनको माग घन्किरह्यो। भ्रष्टाचारको बिरोध भइरह्यो।

ठूला नेताका घर खरानी भयो।

शेरबहादुर देउवा, प्रचण्डलगायतका निवासमा नोटक बण्डल, डलरका मुठा भेटिए। जल्न बाँकी नोटहरु धेरैले लुटेका छन्। जेनजीको आन्दोलनमा बिद्रोहमा रुपान्तरण भएपछि सत्तासँग रिसाएका, नेपालमा चलखेल गर्ने विदेशीहरुको घूसपैठले डरलाग्दो लूटपाट भयो। भनिन्छ ४ खर्बभन्दा बढी नोट जले, जलेका नोटका टुक्राहरु भेटिएका छन्।

त्यसपछि बनेको अन्तरिम सरकारले छानबिन आयो बनाएको छ। आयोगले छानबिन सुरु गरेको छ।

जेनजी पुस्ताले राखेका माग पूरा हुन नसक्ने, जेनजी पुस्ताका माग हाइज्याक भयो भनेर यो पुस्ताले अन्तरिम संविधानको माग गरेको छ।

पुराना दलहरुले संसदको अधिवेशन बोलाउने भनिरहेका छन् भने बिघटित संसदपछि बनेको अन्तरिम सरकारले संविधान संशोधन गर्नेतिर छलफल सुरु गरिसकेको छ। राजनीतिक द्वन्द्व बढेर जाँदा देशै नरहने हो कि भन्ने आशंकाहरु पनि उठेका छन्। भूराजनीतिको भूमरीमा नेपाल फसेको हो। तर नेपालीहरु राष्ट्रवादी छन्, संवेदनशील छन्, नेपाली एकताको विरुद्धमा चलखेल भए पनि पुराना नेता जो दासजस्ता लाग्छन्, तिनीहरु फेरि पराजीत हुने निश्चित छ।

## जेनजी पुस्ताको सूर्योदय

२०६३ को जनआन्दोलनको सफलता र राजाले बिघटित संसद पुनस्थापना गरिदिएपछि गिरिजाप्रसाद कोइराला अन्तरिम सरकारका प्रम बनेपछि उनले आफैलाई कार्यवाहक राष्ट्राध्यक्षसमेतको स्वघोषणा गरेका थिए।




त्यसपछि माओवादी जनयुद्धको बलमा पुस्पकमल दाहाल प्रधानमन्त्री बने। उनी असफल भएपछि माधवकुमार नेपाललाई प्रम बनाइयो। एमालेका झलनाथ खनाल, माओवादीका बाबुराम भट्टराई, प्रधानन्यायाधीश खिलराज रेग्मी, कांग्रेसका सुशील कोइराला पालैपालो प्रधानमन्त्री बनेका थिए। ८ वर्षमा संविधान बनाउन नसकेपछि नवौं वर्षमा फास्ट ट्र्याकबाट संविधान घोाषणा गरियो, केपी ओली प्रधानमन्त्री बने। ओलीपछि पुनः प्रचण्ड, शेरबहादुर देउवा, केपी ओली, प्रचण्ड हुँदै पुनः केपी ओली नै प्रधानमन्त्री बनेका थिए। अर्थात् २०४६ सालपछि र २०६३ पछि पनि यिनै कांग्रेस, एमाले, माओवादीकै हातमा सत्ता चलिरह्यो। यिनैले मनलाग्दी तरिकाले बहुदल र लोकतन्त्रलाई पनि चलाए, फरियावादले सत्तामा रजगज गरिरहे। नेपोटिजम, नेपोबेइजम, फासिजम, नेताइजमको बिरूद्ध देशव्यापी असन्तुष्टि बढिरहेको थियो। अन्ततः गत भदौ २३ गते जेनजी पुस्ताको ज्वालामुखी फुट्यो। यिनको मनपरीतन्त्रलाई ज्वालामुखीले खरानी बनाइदियो।

कतिपयले अन्तरिम सरकारले जेनजी पुस्ताको भावनामाथि खेलबाड गरेको, प्रधानमन्त्री सुशीला कार्की, गृहमन्त्री ओमप्रकाश अर्याल दह्रो खुट्टा टेक्न नसकेको टिप्पणी सुरू भइरहदा, जेनजी पुस्ताले आफ्ना मागबारे प्रधानमन्त्री र राष्ट्रपतिसँग राखेर छलफल गर्न चाहेको बताएका छन्। उनीहरूको प्रमुख मागमा संविधानको खारेजी र प्रत्यक्ष राष्ट्रपति अथवा प्रधानमन्त्रीको चुनाव हुनुपर्ने रहेको छ।

जेनजी पुस्ता बिजयी भइसकेका छन्। नयाँ पुस्तालाई नजरअन्दाज गर्न सकिने अवस्था छैन। फेरि हेपियो भने अर्को बिद्रोह हुनेस्थिति देखिन्छ।

गत बिहीवार प्रधानमन्त्रीको राष्ट्रका नाममा आएका सन्देशप्रति जेनजी पुस्ता नाखुस रहेको छ। प्रम सुशीला कार्कीले संविधानमा टेकेर चुनाव गर्ने कुरा अघि सारेपछि जेनजी पुस्ता गम्भीर भएर एकताका साथ अघि बढ्दैछ। जेनजी पुस्ताको त्याग र बलिदानमा खेलाची भए नतिजा गम्भीर हुनसक्ने देखिन्छ। प्रकृयामा संविधान संशोधन जेनजी पुस्ताले मान्नसक्ने देखिदैन।

जेनजी पुस्ताले २७ घण्टामा गरेको उथलपुथललाई कसैले कम नआँकौं।

## जलेका नोटहरु बजार आउनथाले




देउवा, प्रचण्ड, ओलीलगायतका नेताहरूको घरमा आगजनी हुँदा ठूलो मात्रामा नेपाली नोट, विदेशी नोट जलेको दावी र प्रमाणहरू सामाजिक सञ्जालमा छरपष्ट देखिएका छन्। बजारमा यस्ता काला नोट चलनचल्तीमा पनि देखिन थालेका छन्। यसबारेमा छानबिन समिति, सम्पत्ति शुद्धीकरण, प्रहरीले छापा मार्ने, छानबिन गर्ने पनि सुरू गरेको छ। नोटबन्दीका आवाजहरू पनि उठेका छन्।




## कोठामै परराष्ट्र

शेरबहादुर देउवा र पूर्वपराष्ट्रमन्त्री आरजु राणालाई कोठामै पासपोर्ट दिएपछि विवाद सुरू भएको छ। परराष्ट्र मन्त्रालयका डिजिटल प्रणाली नै लगेर कागजी प्रोसेस सम्पन्न गरी रातो पासपोर्ट छापेर कोठामै पुऱ्याउने कार्य अन्तरिम सरकार आयसकेपछि भएको छ। यो पासपोर्टका विषयमा छानबिन भइरहेको र कसको आदेशमा यो कार्य भयो भन्ने खोजी भए पनि अझै स्पष्ट केही सार्वजनिक भएको छैन।

अझै पनि शासन प्रशासन कांग्रेस सभापति र उनकी श्रीमतीले चलाइरहेकी छिन् त ? स्मरणीय के पनि छ भने शेरबहादुर देउवाको घर बिद्रोहका समयमा जलाइयो। त्यहाँ नोटका बण्डलका बण्डल जलेका थिए, नोट हावामा उडेका थिए, धेरैले लुटेका पनि थिए। पछिसम्म नोट र सुनचाँदी खोज्न जानेहरू देखिएका थिए। छानबिन समितिले जलेका नोट, खरानी समेत प्रमाणका रूपमा संकलन गरेको छ। अब के हुन्छ, उत्सुकता रहेको छ।

## हत्याको आरोपमा छानबिन, पासपोर्ट रोक्का




भदौ २३ र २४ गतेको जेनजी पुस्ताको आन्दोलनको छानबिन गर्न गौरीबहादुर कार्कीको नेतृत्वमा गठित न्यायीक जाँचबुझ आयोगले ५ जनामाथि अनुसन्धान सुरू भएको भन्दै विदेश जानमात्र होइन, राजधानी छोड्नसमेत नपाउने गरी पासपोर्ट र भ्रमणमा रोक लगाएको छ। भदौ २३ गते १९ जनाको हत्या हुनेगरी रबरको होइन, मेटल गोली नै चलाएको र ताकी ताकी छाती, टाउको, घाटीमा गोली चलाएको प्रष्ट भइसकेको छ। हजारौं घाइते भए, कतिको हात खुट्टा काटिएका छन्, कति छटपटाएर बसेका छन्। स्कूले बच्चाको समेत हत्या गरिएपछि २४ गते व्यापक जनविद्रोह नै भएको थियो।

छानबिन आयोगले सुरूमा तत्कालीन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक, गृहसचिव गोकर्णमणि दुवाडी, राष्ट्रिय अनुसन्धान प्रमुख हुतराज थापा र काठमाडौंका निवर्तमान प्रमुख जिल्ला अधिकारी छवि रिजालको पासपोर्ट र राजधानी बाहिर जान पनि रोक लगाएको हो। अब यिनीहरूको बयान पनि हुनेछ। बयानपछि गोली चलाउने आदेश कसले दिएको भन्ने खुल्नेछ। यसबाहेक अरू को को जिम्मेवार छन्, तिनीहरू पनि तानिने छन्। सैनिक सुरक्षाबाट निस्किएर भक्तपुरको गुण्डुमा डेरा बस्न गएका तत्कालीन प्रम केपी ओलीले आफूले गोली नचलाएको र जिम्मेवार नभएको भनेर बयान दिइसकेका छन्। तर सिडियो, गृहसचिव, गृहमन्त्री, राष्ट्रिय अनुसन्धान विभाग र प्रधानमन्त्री सबैले जिम्मेवार हुनुपर्नेमा कुनै शंका छैन। कुनै पनि पदाधिकारी छुट पाउन सक्ने र उन्मुक्ति पाएर छुट्नसक्ने स्थिति छैन। गृहमन्त्रीका अनुसार छानबिन आयोगले जे गर्नुपर्ने हो गर्नेछ।

लोकतन्त्रलाई लूटतन्त्र बनाउने यी ५ मात्र होइनन्, थुप्रै ठूला साना नेता छन्। तिनीहरू कसैले पनि छुट पाउन नसक्ने भएकाले तिनीहरू आत्तिएको स्थितिमा देखिएका छन्। जेनजी पुस्ताले भ्रष्टाचारविरूद्ध झ्याली पिट्न सफल भएका छन्।

## बैतडी–देवलहाटको दुर्लभ सहस्त्रलिङ्ग



बैतडी-देवलहाटको दुर्लभ सहस्त्रलिङ्ग मन्दिर उपेक्षामा परेको छ। सुदूरपश्चिमको विशेषता: धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले अमूल्य सम्पदा थियो, त्यसको संरक्षणमा ध्यान नदिनु दु:खलाग्दो विषय बनेको छ। यतिबेला पहिलोपटक मन्दिरमा ११५ केजीको विशाल घन्टी चढाउने अभियान सुरु गरिएको छ। यसले मन्दिरको धार्मिक गरिमा मात्र बढाउँदैन, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा चिनाउने छ।

धार्मिक परम्परा : रुद्री अभिषेक पूजा र आजापाठ मेला: साउन महिनाको अन्तिम सोमवार नेपाल पञ्चाङ्ग निर्णायक समितिमा दर्ता।

भक्तको आगमन: हरेक वर्ष हजारौँ भक्तजन पूजाआजा गर्न आउँछन्।

ऐतिहासिक धरोहर : शिव कुण्ड, ५०० वर्ष पुरानो पीपलको रुख: धार्मिक र ऐतिहासिक महत्व, जहाँ भक्तजन बस्न, ध्यान गर्न र विश्राम गर्न सक्छन्।

पहुँच र सुविधा : सडक सुविधा: सहस्त्रलिङ्ग मन्दिरसम्म सजिलो यातायात।

धार्मिक पर्यटन: सजिलो पहुँचले धार्मिक पर्यटनलाई प्रोत्साहन।

आर्थिक तथा भौतिक सहयोग: ३. सम्पूर्ण शिवभक्त, दाजुभाइ, आमा-बुबा र दिदीबहिनीलाई पुण्य अभियानमा सहभागी हुन अनुरोध।

पुजारी र परम्परा : रुद्री अभिषेक पूजा: कुल गुरु दुर्गादत्त भट्टद्वारा। सहस्त्रलिङ्ग पूजा: कमलदेव भट्ट, भण्डेर मार्कण्ड परिवारका सदस्य। सहस्त्रलिङ्ग मन्दिरसँगै नेपालकै दुर्लभ अक्षय कोष स्थापना गरिनेछ। कोषले ऐतिहासिक सम्पदाको संरक्षण तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसारमा सहयोग गर्नेछ।

उद्धव सिंह मार्कण्ड, फोन ९८६३६८०६६०

# नेपाल भूराजनीतिको भूमरीमा, खतरामा

– प्रेमसागर पौडेल

नेपाल, बङ्गलादेश वा इन्डोनेसिया जस्ता विकासोन्मुख राष्ट्रहरूमा जब सामाजिक तनाव सतहमा आउँछ, सडकमा हिंस्रक प्रदर्शन चर्किन्छ र राज्यसंस्थाहरू ध्वस्त पारिन्छन्। त्यही बेला पश्चिमी मिडिया सक्रिय हुन्छ, र उसले त्यसलाई 'जनआन्दोलन', 'विद्यार्थी नेतृत्वको क्रान्ति' वा 'लोकशक्ति' का नाममा प्रस्तुत गर्न थाल्छ। तर यस्ता आकर्षक शब्दहरूले त्यो वास्तविकता छोप्छन्, जसमा विध्वंस, अराजकता र सत्ता हत्याउने कुटिल खेल लुकेको हुन्छ।

सामान्य नेपाली नागरिकले सामाजिक सञ्जाल बन्द गरिएको झट्कालाई भोगिरहेको थियो। एक्स, फेसबुक, ह्वाट्सएपजस्ता २६ वटा डिजिटल प्लेटफर्महरूलाई सरकारले नियममा दर्ता नगरेको भन्दै बन्द गर्दा लाखौं नेपालीको सम्पर्कका माध्यम बन्द भए। रेमिटेन्समा निर्भर नेपाली परिवारहरू जसको श्रमिक सदस्य मलेसिया, खाडी वा कोरिया आदि देशमा छन् यिनीहरूसँग संवाद गर्न असमर्थ भए। यत्तिकैमा जनआक्रोश चुलियो। सुरुमा शान्तिपूर्ण देखिएको आन्दोलन केही प्रहरीद्वारा गोली चलाइएपछि अराजकतामा रूपान्तरित भयो। तर यो क्रान्ति थिएन, यो नेतृत्वविहीन, रणनीतिविहीन र दिशाहीन उन्मत्तता थियो।

युवाहरू पेट्रोलको जेरिक्यान बोकेर सडकमा निस्किए। सार्वजनिक सम्पत्ति, सरकारी भवनहरू, अदालत, संसद, बैंक, निजी घरहरू जलाइए। राजधानी काठमाडौँमा मात्रै अरबौं डलर बराबरको क्षति भयो। हजारौं सरकारी रेकर्डहरू जलेर नष्ट भए। राज्यको स्मृति नै मेट्ने कोशिसजस्तो लाग्ने दृश्य थिए ती। प्रहरीहरू ज्यान जोगाउन भागिरहेका थिए, जबकि तीन सुरक्षाकर्मीहरूलाई भीडले कुटेर हत्या गऱ्यो। त्यो दृश्य एक क्रान्तिको थिएन, त्यो सामाजिक विघटनको पराकाष्ठा थियो।

तर पश्चिमी मिडियाको आँखामा त्यो 'भ्रष्टाचारविरुद्धको विद्रोह' थियो। उनीहरूले आन्दोलनको जटिल पृष्ठभूमि, सामाजिक सञ्जाल बन्दको आर्थिक-सामाजिक प्रभाव, वा नेतृत्वको रिक्तता झट्टै बिर्से। बरु त्यसलाई "विद्यार्थी नेतृत्वको आन्दोलन" को लेबल लगाए। आन्दोलनका नाममा भएका लूटपाट, आगजनी र हत्यालाई नजरअन्दाज गर्दै उनीहरूले नेपालमा परिवर्तनको लहर चलेको कुरा प्रस्तुत गरे।

यही पटकथाअनुसार बङ्गलादेशकी प्रधानमन्त्री शेख हसीनाको अपदस्थतालाई 'जनशक्ति' को विजय भनिएको थियो। तर त्यसपछि बङ्गलादेश दमन र धार्मिक कट्टरताको दलदलमा फस्यो। इन्डोनेसियामा पनि यस्तै खालका आन्दोलनहरूलाई उही खालको रोमान्टिक भाषामा चित्रित गरिएको छ। वास्तवमा, यस्ता कथाहरूले आन्दोलनको सही विश्लेषण गर्नुभन्दा बरु अराजकताका पक्षपोषण गरिरहेका हुन्छन्। विकसित राष्ट्रहरूमा यस्तालाई जेल सजाय हुन्छ, यता 'लोकशक्ति' भनिन्छ।

नेपालको घटनाक्रमले झन गम्भीर प्रश्न खडा गऱ्यो। पश्चिमी मिडियाले पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई 'भ्रष्टाचारविरोधी सेनानी' भनेर प्रस्तुत गऱ्यो। तर उनी सन् १९७३ मा भएको कुख्यात विमान अपहरण घटनाका प्रमुख योजनाकारमध्ये एककी पत्नी हुन्। आज उनी एक असंवैधानिक अन्तरिम सरकारको प्रमुख बनेकी छन्, जुन न त जननिर्वाचित हो, न त संविधानद्वारा स्थापित। तर यो तथ्यलाई पनि मिडियाले नजरअन्दाज गऱ्यो, किनकि उनीहरूको उद्देश्य सत्य रिपोर्टिङ होइन, आफ्नै 'क्रान्तिकारी' आख्यानलाई स्थापित गर्नु हो। यही लाइनमा पश्चिमाका लागि काम गर्ने नेपाली अनुचरहरु उभिएका छन्।

वास्तविकता के हो भने, हालको राजनीतिक भूकम्पले नेपाललाई पुन: गम्भीर अस्थिरताको दिशातिर धकेलेको छ। संसद, सर्वोच्च अदालत, सरकारी निकायहरू जले, निर्णय-निर्माणको प्रक्रियाहरू भत्किए। फाइलहरू, प्रमाणहरू, संवैधानिक दस्तावेजहरू खरानी भए। न्यायिक, कार्यकारी र विधायिका सबै पक्ष कमजोर बनाइयो। र यिनै अवस्थाको जिम्मेवारी लिने सरकार कार्की नेतृत्वको अन्तरिम सरकार जननिर्वाचित होइन। अझ, हालसम्मको १७ वर्षमा नेपालले १५ वटा सरकार फेरिसकेको छ। यो तथ्य आफैँमा लोकतन्त्रको नाउँमा भइरहेको संस्थागत विघटनको स्पष्ट संकेत हो। सन्देश हो।

यति धेरै अस्थिरताबीच, जनताको पक्षमा बोल्ने आवाज हराउँदै गयो। जसले सडकमा आगो बाल्यो, उसलाई क्रान्तिकारी भनियो; जसले शान्ति माग्यो, उसलाई प्रतिक्रियावादी। यो भाषिक हेरफेर स्वयंमा खतरनाक छ, किनभने यसले वास्तविक लोकतन्त्र र अराजकता बीचको रेखा मेटाउँछ।

यसबीच, नेपाली सेना राजनीतिक रिक्तता भर्न अगाडि आयो। जुनसुकै मुलुकमा जब सरकार कमजोर हुन्छ, संस्थाहरू ध्वस्त पारिन्छन्, अनि सेना नै 'स्थिरता' को नाममा अगाडि आउँछ। अहिले नेपालमा त्यही क्रम दोहोरिएको छ। अस्थायी रूपमा देखिए पनि यो सैन्य हस्तक्षेप दीर्घकालीन प्रभाव पार्न सक्छ। तर पश्चिमी मिडियाका लागि यो सन्दर्भ पनि महत्त्वपूर्ण छैन; उनीहरूका लागि यो कथा केवल नाटकीय हो, लोकतन्त्रको लडाइँ भन्ने आवरणमा बेचिने एउटा 'स्टोरीलाइन'।

नेपाल र भारतबीच अब्यवस्थित सिमाना छ। त्यसैले नेपालको अशान्तिले भारतमा पनि असर पुऱ्याउँछ, शरणार्थी समस्या, तस्करी, विद्रोही गतिविधिहरूको जोखिम। भारतका लागि यो केवल छिमेकीको संकट होइन, रणनीतिक सरोकार पनि हो।

यदि अमेरिकामा कैपिटल बिल्डिङमा भएको आक्रमणलाई 'लोकतन्त्रमाथिको हमला' भनेर ठप्पा लगाउन सकिन्छ भने, नेपालमा भएका हिंसात्मक घटनाहरूलाई पनि उस्तै दृष्टिले हेरिनु पर्छ। तर पश्चिमी मिडियाले आफूभित्र एक मानक र बाहिर अर्को मानक अपनाउँछ। यसले केवल दोहोरो चरित्रको पर्दाफास गर्दैन, उसले अरू देशमा अराजकतावादी शक्तिहरूलाई प्रेरणा दिन्छ।

नेपालको वर्तमान अवस्था चेतावनी हो, लोकतन्त्र र गालीगलौज, क्रान्ति र लुटपाट, आन्दोलन र अराजकता एउटै कुरा होइनन्। यदि हामीले विधिको शासन, संस्थागत स्थायित्व र वैधताको सम्मान गर्न सकेनौं भने, हामी फेरि-फेरि त्यही दु:खद इतिहास दोहोर्याउनेछौं। विदेशी मिडियाका लागि यो 'हेर्नलायक तमाशा' होलान्, तर नेपाली जनताको लागि यो भविष्यको सुनिश्चितता, अस्तित्व र आत्मसम्मानको लडाइँ हो।

लोकशक्ति कुनै उन्मत्त भीड होइन। लोकतन्त्र कुनै बिनानियन्त्रणको हुलदंगा होइन। परिवर्तनको नाममा संस्थाहरू जलाउनु सुधार होइन, आफैँलाई ध्वस्त गर्नु हो। नेपाल अब पनि त्यो मोडमा उभिएको छ, जहाँ हाम्रा आफ्नै मूल्य, संयमता र विवेकले देशलाई फेरी सम्हाल्नेछ कि अर्को अध्याय पनि उही विध्वंसको हुनेछ? यो प्रश्नको उत्तर हामी नेपालीहरूले दिनुपर्छ, अनि त्यो उत्तर भीडले होइन, विवेकले दिनुपर्ने हुन्छ।

## कांग्रेसभित्र उठेको आवाज

आगोका स्वरूप अनगिन्ती हुन्छन्। भौतिक रूपमा देखिने आगोले प्रत्यक्ष रूपमा जलाउने काम गर्छ भने, यसको अन्य स्वरूपले पार्ने असरबारे सोच्दा एक डर लाग्दो दृश्यको कल्पना गर्न सकिन्छ–जुन स्वाभाविक पनि हो।

नेपालको राजनीतिक परिवर्तनका कालखण्डमा लागेका आगोको चर्चा अहिले पनि सान्दर्भिक छ। नेपाल एकीकरण कालदेखि नै यहाँ आगोले सानो-ठूलो

> एकताको प्रतीक राजसंस्था र २०४७ को संतुलित संविधान स्वीकार गरौं।



दिपेन्द्र सिंखडा

सम्झनालायक इतिहास रच्दै आएको छ। खरानीको अवशेषबाट उठेको हाम्रो राष्ट्र २१औँ शताब्दीमा पनि तातो भुङ्ग्रोबाट पूर्णरूपमा पार पाउन सकेको छैन। हाम्रो भूरजनीतिक परिस्थिति पनि त्यस्तै छ–सानो सोच र आंशिक बलिदानले मात्र हामी हाम्रो नेपाली स्वाभिमान सुरक्षित राख्न सक्दैनौँ। हामीलाई उदार हृदय भएका असल राजनीतिज्ञ चाहिन्छन्–जसले आगोको भुङ्ग्रोबाट देशलाई बाहिर निकाल्न सकून्।

यदि हामीले बलिरहेको आगोमा पेट्रोल हाल्न माहिर छिमेकीसँग राजनीतिक शक्ति-सन्तुलन कायम गर्न सकेनौँ भने, एक दिन यस्तो अवस्था आउन सक्छ कि हाम्रा पुस्ताले 'हाम्रो नेपाल' भन्न पनि नपाउनेछन्।

हामीले आन्तरिक रूपमा कसरी आगो सल्काउने काम गर्यौं ? यो विचारणीय प्रश्न हो। नेपाल अधिराज्यको एकीकरणमा राजालाई नेपाली जनताले आवश्यक सबै सहयोग गरेको ऐतिहासिक तथ्य हामीले अध्ययन गरेका छौँ। त्यसको कल्पनिक श्रव्य-दृश्य अझै पनि हाम्रो मानसपटलमा छर्लंग देखिन्छ। नेपाल नरेश र जनताको वीरगाथाले बनेको देश–तर पृथ्वीनारायण शाहपछिका पुस्ता परिवारिक कलहमा कसरी फस्यो ? अनि आन्तरिक विभाजन र बाहिरी चालबाजीको चक्रव्यूहमा राष्ट्र कसरी जकडियो ?

देशले १०४ वर्ष लामो क्रुर जहानियाँ राणा शासनको जाँतोमा पिसिनुपर्यो। हाम्रो इतिहासले यो पीडा कहिल्यै बिर्सन सक्दैन–१०४ वर्ष लाग्यो, देशी-विदेशी आगो निभाउन। आगोको भुङ्ग्रोबाट कृष्णप्रसाद कोइरालाले चालेका कदमलाई 'नेपाली काँग्रेस नै हो' भनेर दाबी गर्नेहरूले बुझ्न जरुरी छ। इतिहासको त्यो कालखण्ड बुझ्नु जत्तिकै जरुरी छ–नेपालको गौरवशाली इतिहास बोकेको राजसंस्था बुझ्नु पनि।

नेपालको गौरवशाली राजसंस्था र नेपाली जनताको हक-अधिकार स्थापित गर्ने उद्देश्यले खडा भएको नेपाली जनताको प्रतिनिधिमूलक संस्था–नेपाली काँग्रेस। यी दुवै आधारमा अडिने हिम्मत नगरेसम्म हाम्रो देश आगोको भुङ्ग्रोबाट बाहिर निस्कन सक्दैन।

हामी चाहन्छौँ–हामी भष्म खरानी नबनौँ। यदि त्यस्तो हो भने, अब सोच्ने बेला आएको छ। हामीले हाम्रो राष्ट्रिय एकताको प्रतीक राजसंस्थालाई केन्द्रमा राखेर २०४७ सालको सन्तुलित संविधान स्वीकार्नुपर्छ।



# साहित्य : हरदरात सपनीमा मसानघाटमा हुन्छु

## देश मरिसकेको छैन (लघुकबिता)



दिलीप श्रेष्ठ

आगोले खाएका खण्डहरुहरुले
खरानीको थुप्रो देखाउँदै भनिरहेका छन्
म त समाप्त भएँ..भएँ
अब यो खरानी नै तिम्रो पहिचान भएको छ
कमसे कम यो खरानीमा जोडिएको
मर्म र अन्तरआत्मालाई जोगाऊ
देश मरिसकेको छैन
तिमी जिउँदै हुनुको अर्थ छ भने
अरु थप प्रहारबाट देशलाई जोगाऊ
विवस भएपछि
खण्डहरु पनि रुँदोरहेछ
खरानी पनि रुँदोरैछ
उनीहरु भन्दैछन्
त्यहाँ पनि आगो पुग्नसक्छ
बुद्धको कुण्डली जोगाऊ
हिमालको उचाई जोगाऊ ।



ओंठ चाटेर प्यास मेटिन्न थाहै होला
मरुभूमिमा पानी भेटिन्न थाहै होला
ऐनामा चेहरा त प्रस्ट,पुरै देखिन्छ !
तर चरीत्र कत्ती देखिन्न थाहै होला ।

**- शंकर ज्ञवाली**



नजिकै थिइन उनी, छिनमै फर्केर गईन्
उड्ने हावा सरी भै, छिनमै फर्केर गईन्
मननै हो कहिले कता जान्छ कहिले कता
चित्त नबुझेर हो कि, छिनमै तर्केर गईन् ।

**- चन्द्रकला आचार्य**



हे भगवान् अचेल जे हुन्छ हाम्रै देशमा हुन्छ
हुनै नसक्ने काम भएको सुन्दा कट्ट मन छुन्छ
देशको माटो रोइरहेको बेला आँशुको ब्यापार
रातारात धनी हुन खोज्ने देख्दा सारै मन रुन्छ

**- उषा के.सी.**



झर्खरैको केटोको अपराधीका गोलीले ढल्यो
पुर्खाको चिनो ऐतिहासिक धरोहर हेर्दाहेर्दै जल्यो
अति असह्य दृस्य देखे सामान्य नागरिकले
हेर्दाहेर्दै अमूल्य निधिहरु खरानी भै बल्यो !

**- पवन बुढाथोकी**



कसरी जिउनु पर्छ समुद्रले बहेर सिकाउँदै छ
संयमता नै ठूलो हो भनी सहेर सिकाउँदै छ,
बिलौना गर्दै हिँड्दा समस्याको हल हुँदैन भनेर
गन्तव्य भुल्नु हुन्न ! मौनतामै कहेर सिकाउँदै छ ।

**- गीताश्री शर्मा**



हाम्रो यो बैठक, निरन्तर जारी छ
बिजयको संभावना वारी र पारी छ
उपलब्धि त्यस्तै हो, अठोट दुब्लाएर
माग शून्य जस्तै, न खेत न बारी छ

**- गुरूदत्त ज्ञवाली**



आँधी हुरी बतासमा रूमल्लिनु कति
कुण्ठित मन बनाई हाँसो दिनु कति
कुंशे औंशी तिज गयो आउँदैछ दशैं
थोरै धनले टार्नु छ लुगा किनु कति ।

**- गंगा आचार्य**



दिनमा हैन मात्रै प्रत्येक रातमा हुन्छु
डरलाग्दा राक्षसहरूको साथमा हुन्छु
यस्तो सपनीको फल के होला साथीहरू
हरदरात सपनीमा मसान घाटमा हुन्छु ।

**- लक्ष्मी नेपाल**

# काठको बाकस, आइसबक्स अनि सपनाहरू

२०८२ असोज ११, काठमाडौं ।

कवि नीरा श्रेष्ठको नवीनतम् कविताकृति "काठको बाकस आइसबक्स अनि सपनाहरू" को काठमाडौंमा लोकार्पण भएको छ ।

लालित्य सिर्जना समाज, ललितपुरले आयोजना गरेको सो कार्यकममा प्रमुख अतिथि वरिष्ठ समालोचक एवं राजनीतिक विश्लेषक प्रा. डा. गोविन्द मानसिंह कार्की, विशिष्ट अतिथिहरु पूर्व मन्त्री वरिष्ठ सर्जक शंकरप्रसाद कोइराला, शहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्रका कार्यकारी निर्देशक प्रा. डा. रवि मल्ल, अनेसासका पूर्व केन्द्रीय अध्यक्ष एवं साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, वरिष्ट नियात्राकार पवन आलोकले सो कृतिको लोकार्पण गर्नु भएको हो ।



लालित्य सिर्जना समाजका अध्यक्ष बुद्दिमान महर्जनको सभापतित्वमा आयोजित सो कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ समालोचक प्रा. डा. गोविन्द मानसिंह कार्कीले "काठको बाकस आइसबक्स अनि सपनाहरू" कविताकृतिको समीक्षा गर्दै कवि नीरा श्रेष्ठले यस कृतिमार्फत आफ्नो सफल काव्य यात्रा सुरु गर्नु भएको बताउनु भयो । उहाँले थप कवि नीरा श्रेष्ठले यस कविताकृतिमार्फत नारीको पीडा, व्यथा, वेदना, देश प्रेम, व्यतिथि विरुद्धमा आवाज, संस्कृतिप्रतिको मोह, आफ्नो सेवाप्रतिको सम्मान भाव, प्रकृतिबाट जीवन बोध, राजनीतिक व्यंग्य, आफ्नो साहित्य सेवा, राष्ट्रिय व्यक्तित्वका बारेमा प्रेम, आमाप्रतिको सम्मान भाव र आफ्नै बारेमा धारणा व्यक्त गर्नुभएको बताउनु भयो । यसैगरी कवि नीरा श्रेष्ठले आफ्नो काव्यिक यात्राबारे चर्चा गर्दै सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

कार्यक्रममा विशिष्ट अतिथि पूर्व मन्त्री वरिष्ठ सर्जक शंकरप्रसाद कोइरालाले आफ्नो शुभकामना मन्तव्यमा कवि नीरा श्रेष्ठलाई बधाई दिंदै "काठको बाकस आइसबक्स अनि सपनाहरू"को सफलताको लागि शुभकामना दिनु भयो ।

कार्यक्रममा विशिष्ट अतिथि शहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्रका कार्यकारी निर्देशक प्रा. डा. रवि मल्लले कवि नीरा श्रेष्ठले शहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्रमा गरिरहनु भएको सेवाको चर्चा गर्दै कवि नीरालाई बधाई ज्ञापन गर्नु भयो । यसैगरी अर्का विशिष्ट अतिथि साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीले कवि नीरा श्रेष्ठलाई बधाई ज्ञापन गर्दै देशको वर्तमान अवस्थाको बारे चर्चा पनि गर्दै "काठको बाकस आइसबक्स अनि सपनाहरू" कविता वाचन गर्नु भएको थियो ।


कवि एवं पत्रकार राजन न्यौपानेले सहजीकरण गर्नु भएको सो कार्यक्रममा वरिष्ठ नियात्राकार पवन आलोकले कवि नीरा श्रेष्ठलाई बधाई ज्ञापन गर्दै थप साहित्य सिर्जनाको लागि शुभकामना दिनु भयो । कार्यक्रममा लालित्य सिर्जना समाजका वरिष्ठ सल्लाहकार तथा समालोचक कृष्ण प्रधानले संस्था परिचय दिनुभएको

# अंशियारभित्र आँखा लगाउँदा



*अरूणबहादुर खत्री*

साहित्यिक क्षेत्रमा एउटा सुपरिचित नाम हो त्रिविक्रम पाण्डे । उनको अंशियार नामक गीतसङ्ग्रह २०८१ मा चौथो कृतिको रुपमा प्रकाशित भएको छ । यस कृतिभित्र उनीद्वारा लेखिएका



अँधेरो रात, अचानोको चोटमा, अजर-अमर, अतिक्रमण नहोस् देशको, अतीत याद, अदृश्य जाल लगायत विभिन्न शीर्षकका ३०८ वटा गीतहरु समावेश गरिएका छन् । उनको यस संग्रहभित्रका अँधेरो शीर्षकको पहिलो गीतमा वियोगी म सुखद मिलन कहानी भइनँ हरपल-हरक्षण जलेँ तर खरानी भइनँ भनिएको छ । पानी फोका पल दुईपलको हो जीवन पवित्र मायामा हुन्छ सधैँ त्याग समर्पण अजर-अमर शीर्षकको गीतमा भनेका छन् ।

अतिक्रमण नहोस् देशको साँध-
सीमानामा
मेरो जन्मभूमि नमिचियोस् कुनै
बहानामा ।

आकाश रोए पानी पर्छ म रोए खडेरी दीप जले उज्यालो यहाँ म जले अँधेरी आकाश रोए पानी शीर्षकको गीतमा उनले आफ्नो बेदना पोखेका छन् । उदाउँछ घाम फेरि साँझ अस्ताउन आज हाँसी भोलि नपरोस् पछुताउन आफूले आफैँलाई शीर्षकको गीतमा लेखिएको छ । यो गीतसङ्ग्रहभित्र पाण्डेले आफ्नो जीवनमा अनुभव गरेका सुखदुःख, उतारचढाव तथा हर्षविस्मातलाई शब्दहरुद्वारा कविताको रुप दिएर प्रस्तुत गरेको देखिन्छ । अतः धेरैजसो गीतमा कवि पाण्डेका आफ्नै अनुभूतिहरु प्रष्ट देखिन्छन् ।

दिलको धड्कन लेखूँ भने पलभरमै थामिन्छ
देखिन्न अर्थोक जब नजर तिमीसँग ठोकिन्छ ।

गीतकार पाण्डेका गीतमा मनहरु पीडा भोग्दै छन् । अपमान भोग्दै छन् । तिरस्कार भोग्दै छन् । अचेल मनहरु लोप हुँदै र भासिदै छन् । सरल र स्वाभाविक भाग सम्प्रेषणका गीतले आफ्नै समाज, संस्कृति र जीवनसंसारको अनुभूति प्रकट गरेको छ । ती अनुभूतिमा हाम्रै जीवनभोगाइ, हाम्रै परिवेश र हाम्रै दृष्टिकोणहरु छन् । उनका प्रत्येक गीतले प्रकृति र जीवनको मीठो संयोजन गरेको छ । गीतकार पाण्डे आफूसँगको अभेद्य सङ्घर्षको अर्थपूर्णताले उनको काव्यजीवनमा धेरै नै उथलपुथल मच्चाएको छ । जीवन भोगाइका क्रममा विभिन्न घात-प्रतिघात सँहदै अगाडि बढेका गीतकार पाण्डेका यस सङ्ग्रहका गीतमा जीवन यथार्थका विविध पक्षको अभिव्यक्ति छ ।

एउटा गीत लेखेँ सुन मैले तिम्रो लागि
अरुलाई नभन आपत होला मेरा लागि ।

यस सङ्ग्रहभित्रका गीतले विविध रङका जीवनका पाटाहरुलाई यथार्थ रुपमा प्रस्तुत गरिएका छन् । पाण्डेका गीतहरुमा अनुभूतिको तिख्खरता र अभिव्यक्तिको नूतनता पाइन्छ । उनी स्वानुभूत सत्यलाई निडर भएर गीत मार्फत पोख्न चाहन्छन् । गीतकार पाण्डेले सिर्जना गरेका गीतहरु यस कृतिभित्र बेजोडले कुदिरहेको देख्न पाइन्छ । बहुप्रतिभाशाली पाण्डेको काव्यिक यात्रा पनि द्रुतगतिमा अघि बढ्न खोजेको देखिन्छ । गीतकार पाण्डे समकालीन धाराका स्वच्छन्दवादी यथार्थवादी स्रष्टा हुन् । गीतकार पाण्डेले इमान्दारीपूर्वक निर्भीकताका साथ आफ्नो सभ्यता र संस्कृतिका साथै यावत् जीवनको जटिलतम गूढ रहस्यलाई प्रकृति, कला, विचारको माध्यमबाट सशक्त रुपमा अभिव्यक्ति दिएका छन् ।

एक्लै रुन्छु ए जिन्दगी तेरो मुहार हेरी
मनको दियो निभ्यो ठूलै चल्यो आँधीबेरी ।

गीतकार पाण्डे दियो-बत्ती निभाएर राति एक्लै रोएँका छन् छाती पिट्दै दुःख-आँसु सुकाएर गीतभित्र रोएका छन् । देउता मानी ढुङ्गालाई हामीले ढोग्नु पर्दो रहेछ जे परे नि यो जीवन चुपचाप भोग्नुपर्दो रैछ उनले देउता मानी ढुङ्गालाई लेखेका छन् । दुनियाँ निदाउँदा पाण्डेलाई निद्रा लाग्दैन प्रेमिकाले छाडे झैँ यादल किन छाड्दैन रहेछ । गीतकार पाण्डेले पिरतीको अजम्बरी फूल मनबारीमा सारेका छन् । दुनियाँ संसार जितेँ पनि आफ्नो प्रेमिकासँग हारेका छन् । तिम्रो हाँसो मेरो हाँसो तिम्रो खुशी मेरो खुशी तिम्रो साथ पाउञ्जेली हुँदिनँ म कहिल्यै दुःखी भनेर गीतकार पाण्डेले लेखेका छन् । त्यागीलाई शीतलता हो स्वार्थीलाई राप बुझ्नेलाई पुण्य माया नबुझ्नेलाई हो पाप भनेर त्यागीलाई शीतलता शीर्षकको गीतमा लेखेका छन् । फुर्सदमा आउनू तिमी म पर्खिरहूँला जिन्दगीले जिन्दगीलाई माया गरुँला भनेर तिमी फुर्सदमा शीर्षकको गीतभित्र लेखिएको छ । जीवन के हो ? शीर्षकको गीतमा जीवन के हो नजानी-नबुझी बाँचिएछ, हावाको ताल सुरमा के गाउँदै नाँचिएछ ? भनेर लेखेका छन् ।

सोच विचार तिम्रै ख्याल मेरो चाहनामा
निद्रा बिथोल्दै तिमी आउँछयौ सपनामा

जति देऊ चोखो माया यो मन भरिदैन प्रेम-प्यारको चढ्दो नशा उतारी उत्रिदैन भनेर जति देऊ शीर्षकको गीतमा लेखिएको छ । सरगममा झङ्कारिन्छ यो हृदयको तार, यही त हो माया-प्रेम यही त हो प्यार दिलसँग दिलको साइनो शीर्षकको गीतमा लेखिएको छ । खुशीको आँसु छल्क्यो पाई सबैको प्यार आभार व्यक्त गर्छु हजुर गर्नोस् स्वीकार उनले खुशीको आँसु शीर्षकको गीतमा लेखेका छन् । एक्लै रम्छु म दुनियाँ छ तिम्रो लागि एकान्त सुनसान छोडिदेऊ मेरो लागि भनेर गीतकार पाण्डेले खुशी रहू शीर्षकको गीतमा लेखेका छन् । आगामी दिनमा उनका थुप्रै कृतिहरु प्रकाशित भईरहुन् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

गीतकार: त्रिविक्रम पाण्डे
प्रकाशक: भुँडीपुराण प्रकाशन, कृति: अशियार (गीतसङ्ग्रह)
प्रथम संस्करण: २०८१ चैत्र, मूल्य: रु.६००।-




**सत्यतथ्य र ताजा समाचारका लागि**

www.sandhyakalin.com पढौं र

लेख, रचना, समाचार र बिज्ञापन पठाएर

सहयोग गरौं ।




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# मरेको संविधान नबोकौं




२०७२ को संविधान असफल भयो । यो संविधानले व्यवस्था गरेका सबै राज्यसञ्जाल असफल भए । अर्थात् जिन्तता रहेन । संविधान मरेका कारणले प्रणालीमा जीवन नभरिएको हो । यसकारण असन्तुष्टि यतिबिघ्न बढ्यो कि जेनजी पुस्ताले बिद्रोह गर्नुपर्‍यो । यही संविधानका कारणले गर्दा राष्ट्र शून्यतामा पुग्यो । हामी शून्यताबाट उठ्नुपर्ने भयो ।

संविधान भनेको के हो ? यसको विषद व्याख्या यस्तो छ-

*A constitution is the fundamental, supreme law of a state or organization that establishes its core principles, government structure, and fundamental rights of its citizens. It defines how an entity is governed, organizes and constrains the power of government institutions, and is more difficult to change than ordinary laws. Constitutions serve to embody national identity, promot*

नेपालको संविधानले सिद्धान्त, नीति, नैतिकता केही पनि बाँकी रहेन । जे देखियो, अवसरवाद देखियो । फरियावादको यति विकास भयो कि राज्यको सम्पत्ति नेता, दलाल, भ्रष्टहरुको खल्तीमा पुग्यो । कसरी सरकार चल्छ, कसरी राज्यसञ्जाल चलाइन्छ भन्नेसम्म पनि रहेन । संविधानले राष्ट्रिय पहिचानको रक्षा गर्नुपर्ने हो, गर्न सकेन । नेपाल र नेपालीको अस्तित्व नै संकटमा फस्न पुगेको छ । राजनीति गर्ने र प्रशासन चलाउनेहरु सबै नै फरियावाद, अपराधवाद, भ्रष्टाचारवादमा लिप्त हुँदा संविधानले कामै गर्न सकेन । संविधान कागजको खोस्टो, अक्षरको भण्डारमात्र रह्यो । फूल कस्तो हुनुपर्छ भने यसमा बास्ना हुनैपर्छ । कागजको फूल देखावटीमात्र फूल हो । नेपालको संविधान देखावटी कागजी फूलजस्तो बन्यो ।

संविधान संविधानजस्तो रहेन । संविधान मरिसकेको छ । यो सातौं संविधान पनि मरेको स्थितिमा के गर्ने ? कसरी सुरुआत गर्ने ? यसका विषयमा विज्ञहरुले सुझाव दिएका छन्- २०४७ को संविधान राजनीतिक सहमतिबाटै बनेको र राजनीतिक सहिष्णुतायुक्त पनि छ । यो संविधानले सहमति, संवाद र सहकार्यमा विश्वास राख्ने भएकाले जिवन्त संविधान पनि हो । जसले निर्माण गरे, तिनलै जबरजस्ती च्यातेका मात्र हुन् । यसकारण त्यो संविधानलाई स्वीकार गरेर अगाडिका गन्तव्यको निकास, मार्गचित्र कोर्न सहज हुनेछ । यही संविधान सर्वोत्तम र सहज विकल्प पनि हो ।

यो समय अहंकार गर्ने समय होइन । यो समय जेनजी पुस्ताका मागहरुलाई संवोधन गरेर विध्वंशको मैदानमा नवनिर्माण गर्ने बेला हो, यसमा जेनजी पुस्ताले निर्माण गर्छौं भनेका छन्, अवसर दिऊँ ।

# जेनजीको त्याग र बलिदानको अबमूल्यन हुँदैछ




७५ जना नयाँ पुस्ताले ज्यान दिए । कैयौं अपाङ्ग बने, कैयौं घाइते छन्, कैयौं शरीरमा गोली लिएर बचेका छन् । भदौ २३ र २४ को नयाँ पुस्ताको आन्दोलनले बिद्रोहको रुप धारण गरेपछि परिवर्तन त आयो, परिवर्तन अधुरो भयो, परिवर्तन हाइज्याक भयो, षडयन्त्र गरियो भन्ने आवाज उठेको छ ।

नयाँ पुस्ता जेनजी बिद्रोह र राजनीतिक परदृश्यको परिवर्तनले नेपाल भूराजनीतिको भूमरीमा फस्न पुगेको छ । किन सत्ताधारी, राजनीतिक र नागरिक समाजले समेत चालै नपाइकन यस प्रकारको जेनजी सुनामी आयो कि नेपाललाई लथालिङ्ग बनाएको छ ।

हुन त ऐतिहासिक, पुरातात्वीक, सांस्कृतिक सम्पदाहरु क्षतबिक्षत भएको छ । सबैभन्दा ठूलो परिवर्तन भनेको किलो गाडेर बसेको लोकतान्त्रिक गणतन्त्रको भ्रष्टाचार महललाई बालुवाको महल बनाएर ढालिदिएको छ । यसकारण नेपालको जेनजी पुस्ताको बिद्रोह विश्व समाचार बन्यो । नेपालमा यो बिद्रोहले नयाँ पुस्ताले खोजेजस्तो हुनसकेन ।

निरन्तरं विश्वका र छिमेकी मुलुकका परिवर्तनको हावाले नेपाललाई गाँज्ने । प्रभावित पार्ने गरेको थियो । भदौ २३ र २४ को जेनजी पुस्ताको विद्रोह र २७ गतेको संविधान विपरितको अन्तरिम सरकार, संसद बिघटनले नेपाल शून्यतामा पुगेको छ । हुन त मंसिर २१ गते नयाँ निर्वाचन भनिएको छ । यसका लागि अध्यादेशमार्फत जेनजी पुस्तालाई समेट्न मतदाता नामावली सच्याउने काम सुरु भइसकेको छ । तर प्रत्यक्ष प्रधानमन्त्री वा राष्ट्रपतिको निर्वाचन कि पुरानै ढर्राको निर्वाचन ? प्रष्ट छैन ।

निर्वाचन हुन्छ नै भन्ने प्रष्ट छैन । किनकि खाइपाइआएका र जुकाझैं ढाडिएका तत्वहरु भित्रभित्रै सलबलाउन थालिसकेका छन् । घटनाक्रमले देखाएको छ- जेनजी पुस्ताले सत्ता हाँक्न सकेन । जेनजी पुस्ता बिभाजित हुनपुग्यो । जेनजी पुस्ताका प्रारम्भिक मागहरु पूरा गरिएका छैनन् । जेनजी पुस्ताको बिद्रोहको उपलब्धि हाइज्याक भइसकेका छन् ।

ज्यान दिएर, घाइते भएर, सकस बेहोरेर बिद्रोह गर्ने जेनजी पुस्ता । परिवर्तनको नेतृत्व गर्ने २८ वर्षभन्दा माथिका ७३ वर्षसम्मका व्यक्तिहरु । यसकारण सुशासन आउँछ, भ्रष्टहरुमाथि कारवाही हुन्छ भन्ने विश्वास पातलिन थालेको छ । हुन त गौरी बहादुर कार्कीजस्ता खरा व्यक्तिको नेतृत्वमा ०४६ सालपछिका सबै भ्रष्टाचारका फाइलहरु छानबिन सुरु भइसकेका छन् । प्रश्न छ- प्रतिवेदन आउला, कारवाही होला कि नहोला ? यसपूर्व पनि अनेक आयोगहरु बने, प्रतिवेदन आए, प्रतिवेदन सार्वजनिकसम्म भएन । कतै अहिलेको कार्की आयोगको प्रतिवेदन पनि त्यस्तै त हुँदैन ? विश्वास छ, आशा चाहिं छ । बुढापुरानाले सत्ता हाँके पनि उनीहरुले जेनजी पुस्ताको एजेण्डामा टेकेर काम गर्ने बताएका छन् । यति ठूलो परिवर्तनका विषयमा अनेक तर्क बितर्क सुरु भएका छन् र क्षिमेकी, पश्चिमाहरु गजबैले सकृय हुनथालेका छन् ।

विश्वशक्तिको नेपाल प्रवेशसँगै नेपाल भूराजनीतिको भूमरीमा फस्न पुगेको हो । त्यसै पनि नेपाल चीन र भारतजस्ता ठूला दुई ढुङ्गाको तरुलजस्तो थियो । त्यसमाथि पश्चिमा, युरोपियन र रुसले समेत नेपालको अर्थपूर्ण रणनीतिक भूमिमा आफ्नो चासो र चाख देखाएपछि नेपाल भूराजनीतिको जञ्जालमा फस्न पुगेको हो । विश्वशक्तिको प्रवेशसँगै नेपाल अब तरुलको रुपमा रहेन, नेपालको सार्वभौमिकता कति बलियो ? भन्ने प्रश्नसमेत उठ्न थालेको छ । विश्लेषकहरुले त १८१६ मा सुगौली सन्धि गरेपछि नै नेपालको सार्वभौमिकतामा प्रश्न उठेको हो भन्छन् । नेपालले इतिहासम अनेक सहयोग गरेको चीनले न त सुगौली सन्धिमा नेपाललाई सघायो, न त चुच्चे नक्साका विषयमा चीनले नेपालको पक्षमा बोल्यो । चीनले सिक्किमलाई २५ वर्षपछि मान्यता दिएर भारतलाई खुशी बनायो । कतै नेपाल पनि चीन र भारतले बाँडीचुँडी गर्ने त होइनन् भन्ने प्रश्न उठेको छ । त्यसो त, भारतसँग मिलेर कालापानी, लिपुलेक, लिम्पियाधुरामा राजमार्ग निर्माण गर्ने, व्यापार र पर्यटन विकास गर्ने समेतमा सहमति गरेका छन् । नेपालको भूमिका विषयमा नेपाललाई दुबै मुलुकले बेवास्ता गर्नु गम्भीर विषय बनेको छ ।

हामीले बुझ्नै पर्ने विषय हो यो ।

हाम्रो नीति थियो- असंलग्न परराष्ट्रनीति । पञ्चशीलको सिद्धान्तमा अडेको । विश्वशक्ति र छिमेकी शक्तिका वीच सन्तुलन कायम गर्न नसक्दा नेपालको परम्परागत नीति पानीजहाजको जस्तो ढलपल ढलपल अवस्थामा पुगिसकेको छ । नेपालका शासकहरु नेपालमै उभिएका छन् कि अन्यत्र उभिएर नेपाली राजनीतिका छायाँचित्र मात्र हुन् ?

खासगरी नेपालको राष्ट्रिय नीति छैन, राष्ट्रिय पार्टीहरुवीच मतैक्य छैन । जब राष्ट्रिय नीतिमा एकमत हुँदैन, राष्ट्र एक ढिक्का रहनसक्दैन । त्यसैको प्रतिफल साइड इफेक्टको मारमा राष्ट्र पर्न पुग्छ । यतिबेला नेपालको अवस्था क्रोनिक बन्दै गएको छ । सहमति, सहकार्य र संवादको तार चुँडिदा समस्यामाथि समस्या थपिदो छ । समस्या क्रोनिक बनिसक्यो ।

राष्ट्रलाई यो भूमरीबाट बचाउन परिपक्व राजनीति र कूटनीतिको आवश्यक थियो, जुन देखिएन । जो थिङ्क टेंक छन्, तिनीहरु दोधारे बनेका छन् । सही र विवेकपूर्ण आवाज उठाइरहेका छैनन् । यसको कारण नेपाल अनियमितता, भ्रष्टाचार, अपराधिकरणमा जेलान पुग्यो । फलनः जेनजी बिद्रोहको आगो दन्किएको हो । आगो सेलाएजस्तो छ, कुनै पनि बेला डढेलो लाग्नसक्छ ।

भारत रुसबाट लाभ लिने र अमेरिकालाई चकमा दिने गरिरहेको थियो । अमेरिकाले कडा नीति अपनाउँदा भारत चीनतिर लहसियो । भारत, चीन, रुस जति शक्तिशाली बन्दै गए, यसैको कारण अमेरिका बंगलादेशमा सैनिक बेश क्याम्प बनाउन पुग्यो । अफगानिस्तानको बेश क्याम्प फिर्ता मागिरहेको छ । नेपाल उर्बर भूमि बनिसकेको देखिन्छ । नेपालमा स्वार्थ र भ्रष्टाचारको राजनीतिले विश्वशक्तिको रणनीतिक मैदान बनेको छ । नेपालको कूटनीति अन्यौलपूर्ण बन्दै गएको छ । देशको अस्तित्व जोखिममा पर्दै गएको अनुभूति गर्न सकिन्छ ।

समकालीन विश्वमा पटक पटक देखिएको छ, जसले भू-राजनीतिमा सन्तुलन कायम गर्न सक्दैन, त्यो राष्ट्र भयावह समस्यामा पर्ने गरेको छ । नेपालका नेताहरुमा सत्ताको अहंकार र विदेशीको लहैलहैमा लागेर आफ्नो स्थापित मान्यता र नीतिमा अडिन नसक्दा नेपाल भूराजनीतिको भूमरीमा फस्यो ।

१९९० मा जस्तो विश्वपरिस्थिति छैन अहिले । त्यो दशकपछि चीन असंलग्न रहेन । चीन आफ्नो व्यापार र प्रभाव बिस्तार गर्न बीआरआई नीति च्यापेको मात्र छैन, अमेरिका विरुद्धको मोर्चामा भारत, रुस र नर्थ कोरिया, पाकिस्तानसँग उभिएको छ । अमेरिकामा राष्ट्रपति ट्रम्पको दोस्रो कार्यकाल सुरुभएपछि व्यापार युद्ध नै सुरु भइसकेको छ । यो युद्ध समाप्तिको दिशामा गएन, सहमति हुनसकेन भने पर्यवेक्षकहरु तेस्रो विश्वयुद्धको खतरा स्पष्ट देख्न थालेको समेत बताइरहेका छन् । राष्ट्रपति ट्रम्पले विश्व स्वास्थ्य संगठन, बिमिस्टेक सबैतिरबाट हात झिक्दै छन् भने युएसआईडीलाई खारेज गरेर नयाँ नीति ल्याउँदैछन् । अमेरिकाको पैसा खाएर अहित गर्नेहरुको ओठमुख सुकाइदिएका छन् ट्रम्पले । ट्रम्प मेक अमेरिका ग्रेट अगेनका लागि जस्तोसुकै निर्णय गर्न पनि कस्सिएर लागेको देखिन्छ ।

नेपालको असंलग्न नीति र परिपक्व कूटनीतिकै कारण २०१७ सालको परिवर्तन सम्भव भयो, राजतन्त्र जाज्वल्यमान भयो । राजा महेन्द्रले महेन्द्र राजमार्ग र धेरै उद्योगकहरुमा रुस, चीन, भारत, अमेरिकाजस्ता शक्तिहरुलाई नेपालको हितमा उतारेकै हुन् । भ्रष्टाचार र असंलग्नताबाट तलबितल भएकै कारण दुई तिहाईको कांग्रेसको सरकार त्यतिबेला राजाबाट अपदस्त हुनपुगेका मात्र होइन, आमनागरिकले राजाकै जयजयकार गर्न पुगेका थिए । राजा जता गयो, उतै राजा आउ देश बचाउको नारा लगाउने र राजाको अभिनन्दन हुनथालिसकेको थियो । यति नै बेला नयाँ पुस्ताले शोषण र दमनविरुद्ध आवाज उठाएका छन् ।

बहुदलवादी र लोकतन्त्रवादीका लागि पनि त्यो अवसर थियो । बहुदलवादीले ०४६ पछि अवसर गुमाए । लोकतन्त्रवादीले ०६३ पछि भ्रष्टाचारमा रमाए । नेपाल परजीवी बन्नपुग्यो । नजानिँदो तरिकाले राष्ट्रियता र अस्तित्व परतन्त्रमा फसिसकेको छ ।

इतिहास साक्षी छ, २०५८ सालमा दरवार हत्याकाण्ड हुँदा समेत चीनले बोलेन । २०६५ सालमा राजतन्त्र हटाएर गणतन्त्र घोषणा गर्दासमेत चीन बोलेन । राजतन्त्रको अन्तिम दिनहरुमा चीनले आफ्ना राजदूतलाई तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई ओहदाको प्रमाणपत्र बुझाउन लगायो । अब लिपुलेकमा भारतले राजमार्ग खोलेको र त्यही नेपाली भूमिबाट व्यापार गर्न सुरु गरेको छ । नेपालको गुनासो, कूटनीतिक नोटलाई भारत चीन दुबैले बेवास्ता गरेका छन् । यति नै बेला पश्चिमा नेपाल पसेको छ । अब विश्वशक्तिको मल्लयुद्धको अखडा नेपाल बनिसकेको छ । मकै पिस्ता घून पिसिनसक्छ । नेपाल कसरी बाँच्ने नेपाली हुँ भन्नेका लागि चिन्ताको विषय हो ।

भित्रभित्रै नेपाल असफल राष्ट्र भएको र सुरक्षा अवस्था बिग्रेकोमा सबैका चिन्ता छ । जेनजी बिद्रोहपछि त न राजनीति रह्यो, न कूटनीति । न व्यवस्थापिका, न्यायपालिका, कार्यपालिका रह्यो, न कुनै नागरिक अगुवा अगाडि सऱ्यो । यो शून्यता कसरी परिपूर्ण हुनेछ, त्यो अचम्मलाग्दो विषय हो ।

राजतन्त्र गयो, बहुदल आयो, बहुदल गयो, गणतन्त्र आयो । गणतन्त्र पनि गयो, जेनजी बिद्रोह आयो । यो बिद्रोहले बिध्वंश बनाएको छ । अब निर्माण सुरु भएन भने नेपाल ऋणी थियो, मगन्ते हुनेछ । मगन्तेको के मान, के सम्मान ?

पुर्षा वीर थिए, वीरले निर्माण गरेको देश हो यो । युवाले वीरताको गाथा बुझ्नथाले, विवेक देखिने समय आयो । विवेकले राष्ट्र बाँच्छ, विवेकहीनताले अस्तित्व मटियामेट हुनेछ । नवयुवाको काँधमा राष्ट्रको शिरोभारो आइपुग्यो ।






Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# चिनियाँ मित्रता र पश्चिमी प्रभावको कूटनीतिक मार्गचित्र




नेपाल-चीन पारस्परिक सहयोग समाजले प्रधानमन्त्री सुशीला कार्कीलाई बुझाएको हालको विज्ञप्ति केवल औपचारिक राजनीतिक दस्तावेज मात्र होइन, नेपालको भू-राजनीतिक भविष्यमाथि गहिरो विमर्श गर्ने ऐतिहासिक हस्तक्षेप हो। यसले नेपालको असंलग्न नीति, छिमेकीहरूसँगको सम्बन्ध, र विश्व शक्तिहरूबीचको सन्तुलन कायम राख्ने राष्ट्रिय क्षमतामा देखिएको चुनौतीलाई स्पष्ट गर्छ। विज्ञप्तिले प्रधानमन्त्रीको पृष्ठभूमिबाट प्रारम्भ गरेर मन्त्रीपरिषदको स्वरूप, चीनविरोधी चरित्र, र सत्ता परिवर्तनमा विदेशी संलग्नतासम्म चार तहमा गम्भीर प्रश्न उठाएको छ। यी प्रश्नहरू केवल आन्तरिक राजनीतिसम्म सीमित छैनन्, बरु अन्तर्राष्ट्रिय शक्ति समीकरणसँग प्रत्यक्ष जोडिएका छन्।

विज्ञप्तिको पहिलो अंश प्रधानमन्त्रीको जीवनयात्रासँग सम्बन्धित छ। कार्कीको न्यायिक भूमिकादेखि राजनीतिक यात्रासम्मको विश्लेषणमा उनी भारतीय, युरोपेली र अमेरिकी प्रभावको परिधिमा उभिएको उल्लेख गरिएको छ। यो टिप्पणी केवल व्यक्तिगत प्रसङ्ग होइन, यसले नेपालको स्वतन्त्र विदेश नीतिमाथि परेको दबाबलाई औंल्याउँछ। नेपाली नेताहरूले विगतमा पनि विदेशी शक्ति र संरचनाबाट निर्देशित हुने प्रवृत्ति देखाएका छन्। बीसौं शताब्दीको मध्यतिर भारतसँगको निर्भरता, १९९० को दशकपछि पश्चिमी दातृ निकायहरूको प्रवेश, र पछिल्लो समयमा अमेरिकी रणनीतिले सिर्जना गरेको वातावरणले नेपालको नीति स्वनिर्णयलाई प्रायः कमजोर तुल्याएको छ। यही कारणले, प्रधानमन्त्रीको पृष्ठभूमि विदेशसँगको गहिरो सम्बन्धमा रहेको भन्दै त्यसले असंलग्नताको आधारशिला हल्लाएको आरोप लगाइन्छ।

दोस्रो बुँदा मन्त्रिपरिषदलाई लक्षित छ। वर्तमान मन्त्रीहरूमध्ये धेरैजसोको सम्बन्ध पश्चिमी वा अमेरिकी सहयोग प्राप्त निकायहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गाँसिएको देखिन्छ। यसै कारण सरकारलाई पूर्णरूपमा अमेरिकी गठबन्धनको सरकारको रूपमा चित्रण गरिएको हो। यो आरोप केवल भावनात्मक प्रतिक्रिया होइन, बरु विगत तीन दशकमा नेपालमा ल्न्इ र क्ष्ल्न्इ हरूको विस्तारबाट उत्पन्न भएको संरचनागत वास्तविकता हो। स्वास्थ्य, शिक्षा, मानवअधिकार वा प्रजातान्त्रिक अभ्यासको नाममा आएका यी संस्थाहरूले सामाजिक क्षेत्रमा योगदान मात्र गरेनन्, नीतिगत तहसम्म पहुँच बढाउँदै विदेशी प्राथमिकतालाई नेपाली राजनीतिमा स्थापित गरे। संविधान निर्माण प्रक्रियादेखि चुनावी अभ्याससम्म, विभिन्न दूतावास र अन्तर्राष्ट्रिय निकायहरूको सक्रियता खुलेर देखिएको छ। यही प्रवृत्तिले गर्दा आजको मन्त्रिपरिषदलाई विदेशी नीति-निर्देशनको परिणाम मान्ने दृष्टिकोण बलियो भएको हो।

तेस्रो बुँदा अझ संवेदनशील छ। वर्तमान सत्ता संरचना नै चीनविरोधी चरित्रमा आधारित भएको भन्ने टिप्पणीले नेपाल-चीन सम्बन्धको आधारशिलामाथि प्रश्न खडा गर्छ। नेपालको आधुनिक इतिहास चीनसँग गहिरो मित्रतामा निहित छ। प्राचीन व्यापारिक सम्पर्कदेखि कूटनीतिक सम्बन्ध स्थापना, १९६० को सीमा सन्धि हुँदै हालसम्म नेपालले सधैँ 'एक-चीन नीति'लाई दृढतापूर्वक अँगाल्दै आएको छ। चीनले नेपाललाई आवश्यक सहयोग मात्र गरेन, नाकाबन्दीका कठिन समयमा पेट्रोलियम आपूर्ति सुनिश्चित गरेर नेपाललाई आत्मविश्वास दिलाएको थियो। यस्ता ऐतिहासिक सम्बन्धका बीच वर्तमान सत्ता संरचनालाई चीनविरोधी भन्ने टिप्पणी सामान्य छैन। यसको पृष्ठभूमिमा अमेरिकी रणनीति, तिब्बतसम्बन्धी गतिविधि, भारत-अमेरिका-जापान धुरीको प्रभाव, र पश्चिमी एनजीओहरूको सक्रियताले भूमिका खेलेको देखिन्छ। यी कारणले चीनसँगको परम्परागत मित्रता कमजोर हुने, बेल्ट एण्ड रोड इनिसिएटिभ ढिलाइमा पर्न सक्ने, र नेपालको विश्वसनीयता प्रश्नमा पर्ने खतरा बढेको छ।

चौथो बुँदाले हालैको आन्दोलनपछिको सत्ता परिवर्तनलाई विदेशी हस्तक्षेपको प्रत्यक्ष परिणाम ठहर गरेको छ। यस प्रक्रियामा अमेरिकी रणनीति, विभिन्न अन्तर्राष्ट्रिय निकायहरूको सहयोग, र नेपाली सेनासम्मको संलग्नता बिना यो सम्भव नहुने भनिएको छ। नेपालका राजनीतिक परिवर्तनहरूमा विदेशी प्रभाव लामो समयदेखि निर्णायक रहँदै आएको छ। १९५१ को प्रजातान्त्रिक क्रान्तिमा भारतको भूमिका, १९९० को जनआन्दोलनमा पश्चिमी समर्थन, २००६ को दोस्रो आन्दोलनमा अमेरिका, युरोप र भारतको संयुक्त सक्रियता, अनि २०१५ को नाकाबन्दीमा चीनसँगको सम्बन्धले नयाँ मोड लिएको घटना यी सबै यसको प्रमाण हुन्। यस्तो इतिहासबीच हालको सत्ता परिवर्तन विदेशी रणनीति र सहयोग बिना सम्भव नभएको भनाइलाई हल्का रूपमा लिन सकिन्न। विशेषगरी सेनाको संलग्नताबारे उठेको प्रश्न गम्भीर छ, किनकि सेना सार्वभौमिकताको प्रतीक हो।

यी चार बुँदाले नेपाली कूटनीतिक सन्तुलनमाथि गहिरो असर पारेको संकेत गर्छन्। विज्ञप्तिले स्पष्ट रूपमा प्रधानमन्त्रीलाई सन्देश दिएको छ कि नेपाल अझै पनि चीनसँगको ऐतिहासिक सम्बन्धलाई आधारशिला बनाउन बाध्य छ। असंलग्न नीति पुनः पुष्टि गर्नुपर्ने, 'एक-चीन नीति'लाई व्यवहारमै अँगाल्नुपर्ने, चीनविरोधी गतिविधि रोक्नुपर्ने, र चीनमैत्री दृष्टिकोण भएका व्यक्तिहरूलाई सुरक्षित गरेर समानुपातिक सहभागिता दिनुपर्ने मागले यही कुरा प्रस्ट पार्छ।

यस विज्ञप्तिलाई अन्तर्राष्ट्रिय सन्दर्भमा राखेर बुझ्दा यसको गहिरो अर्थ प्रकट हुन्छ। अमेरिकी रणनीति नेपालको नीतिलाई आफ्नो खेमामा ल्याउन :ऋत्रऋ, इंडो-प्यासिफिक रणनीति र ल्न्इ नेटवर्कमार्फत सक्रिय छ। भारतले पनि नेपाललाई आफ्नो प्रभावक्षेत्रभित्र राख्न यस्ता प्रयासलाई सहयोग गर्ने प्रवृत्ति देखाएको छ। चीन चाहिँ नेपाललाई स्थिर, मित्रवत र असंलग्न देख्न चाहन्छ। युरोपेली संघ भने मानवअधिकार र सुशासनको नाममा नीतिगत हस्तक्षेपलाई निरन्तरता दिन्छ। यसरी हेर्दा नेपाल केवल आन्तरिक संघर्षको परिणाम होइन, बरु ठूला शक्तिहरूको प्रतिस्पर्धात्मक खेलमैदान बनेको छ।

नेपालको विगतका उदाहरणहरूसँग हालको परिस्थिति तुलना गर्दा पनि समानता देखिन्छ। १९५० मा भारतले राणा शासन अन्त्य गराउँदा प्रत्यक्ष हस्तक्षेप गरेको थियो। १९६० मा राजा महेन्द्रले असंलग्नताको नीति अघि सारेर त्यसलाई सन्तुलित गर्न खोजे। १९९० र २००६ का आन्दोलनहरू विदेशी सक्रियता बिना सम्भव भएनन्। २०१५ को नाकाबन्दीले चीनसँगको सम्बन्धलाई नयाँ मोडमा पुऱ्यायो। यी सबै घटनाले नेपाल सधैँ विदेशी हस्तक्षेपको चक्रभित्र फस्दै आएको प्रमाण दिन्छन्। अहिलेको विज्ञप्ति त्यसैको निरन्तरता हो, तर यसपटक चीनमैत्री पक्षले खुलेर आफ्नो दृष्टिकोण प्रस्तुत गरेको छ।

विज्ञप्तिको परिणाम तत्काल, मध्यम अवधि र दीर्घकालीन रुपमा फरक-फरक देखिन सक्छ। तत्कालीन असर प्रधानमन्त्रीमाथि कूटनैतिक दबाबको रूपमा देखापर्नेछ। मध्यम अवधिमा विदेशी वित्तपोषित संस्थाहरूको भूमिकामाथि पुनर्विचार गर्नुपर्ने अवस्था आउनेछ। दीर्घकालमा भने नेपालले चीनसँगको सम्बन्धलाई अझ मजबुत पार्दै असंलग्नताको नयाँ परिभाषा दिन सक्ने सम्भावना छ। तर यति मात्र नभई चुनौती पनि उतिकै छ। अमेरिका आफ्नो रणनीति सजिलै छोड्ने छैन, भारतले चीनप्रतिको झुकावलाई सहजै स्वीकार्ने छैन, र युरोपेली निकायहरूले पनि नेपाललाई आफ्नो प्राथमिकताको क्षेत्रमा राखिराख्नेछन्। यस्तो अवस्थामा पुनः अस्थिरता बढ्ने खतरा रहिरहन्छ।

यस सम्पूर्ण विमर्शको निष्कर्ष यही हो कि नेपाल-चीन पारस्परिक सहयोग समाजले बुझाएको विज्ञप्ति केवल प्रधानमन्त्रीलाई लक्षित आलोचना मात्र होइन, बरु नेपालको भविष्यबारे उठाइएको गहिरो चिन्ता हो। यसले असंलग्न नीति किताबमै सीमित हुने कि व्यवहारमै रूपान्तरण हुने, 'एक-चीन नीति' केवल औपचारिक वाक्यांश हुने कि वास्तविक नीतिगत निर्णय बन्ने भन्ने प्रश्नलाई केन्द्रमा ल्याएको छ। विदेशी वित्तपोषित संस्थाहरूको छायाँबाट मुक्त भएर स्वनिर्णयको क्षमता देखाउन सक्ने वा फेरि विगतझैं बाह्य हस्तक्षेपको चक्रमा फस्ने भन्ने विकल्प अहिले नेपालअगाडि खुला छ। यदि विवेकपूर्ण कूटनीति अपनाइयो भने, नेपालले चीनसँगको ऐतिहासिक मित्रतालाई नयाँ उचाइमा पुऱ्याउन सक्नेछ र असंलग्नताको आधुनिक व्याख्या गर्न सक्नेछ। तर यदि यो क्षण गुमाइयो भने, विगतमा देखिएका अस्थिरता, हस्तक्षेप र अविश्वसनीयताको चक्र फेरि दोहोरिन सक्नेछ।



## जुँगे तिलकुमार थापा

पुरुषहरुले दाह्री-जुंगा पालेका हुन्छन्। तर काठमाडौंका तिलकुमार थापाले भने यही दाह्री-जुंगाकै कारण बलियो परिचय बनाएका छन्। त्यसकारण उनलाई धेरैले तिलकुमार थापाको नामले नभई जुंगे थापा नामले चिन्दछन्।

काठमाडौंको सुविधानागर तीनकुनेमा वस्ने थापाले आठ वर्षदेखि वडो मेहेनतका साथ जुंगा पाल्दै आएका छन्। यही जुंगाकै कारणले उनले आफूलाई देशविदेशमा पनि परिचित हुने मौका पाएका छन्।

देस विदेशबाट पनि यही जुंगाकै कारण मलाई भेट्न आउनेहरु धेरै छन्, आफूलाई भेट्न आउने विशिष्ट व्यक्तिहरुको तस्वीर देखाउँदै उनले भने, यही जुंगाकै कारण मलाई संघीय संसदका उपसभामुख इन्दिरा राणामगरलगायतले भेट्न आउनुभएको थियो।

उनले राणासहित गणतान्त्रिक व्यवस्थाको पहिलो राष्टपति डा रामवरण यादव, वरिष्ठ कलाकार तुल्सी घिमिरे, पत्रकार श्रृषि धमला, पत्रकार, कलाकार तथा वहुप्रतिभाशाली व्यक्तित्व सन्दीप क्षेत्री, नायक सुमित ढुंगानालगायतले आफूलाई भेटन आउँदाका तस्वीर भिताभरि सजाएका छन्। साथै आफना एकल जुंगे तस्वीरहरु पनि उनले दर्जनको हाराहारीमा भितामा टाँगिराखेका छन्। मेरो यही जुंगाकै कारण वरिष्ठ कलाकार तुल्सी घिमिरे मलाई विदेशदेखि नेपाल आएर भेट्न आउनुभएको थियो, उनले सम्झे।


उनको जुंगा झण्डै एक फिट लामो छ। अरु बेला उनी त्यो जुंगालाई दुवै कानमाथि राखेर मिलाएर राख्छन्। कसैले हेर्न चाहेमा कानबाट झिकेर देखाउँछन्। जुंगैले म परिचित मात्रै नभई प्रख्यात नै भएको कारण यो जुंगालाई अवका दिनमा पनि काट्दिन बरु पाल्छु, उनले भने, जुंगाकै कारण म टोलमा मात्रै होइन, देशैभरि चिनिएको छु। उनले दाही भने पालेका छैनन्।

जुंगालाई पाल्न सजिलो नभएको उनी सुनाउँछन्। दिन विराएर सैंलुङ (कपाल, दाही जुंगा काट्ने पसल) मा जुंगा मिलाउन जाने गरेको उनले सुनाए। साथै जथाभावी तेलको प्रयोग गर्न नहुने पनि उनले जनाए। यही कारण मासिक १० पन्ध्र हजार पैसा यही जुंगा स्याहार्नमा जाने उनले सुनाए।

# जलविद्युत उत्पादन र प्रशारण क्रान्ति



गणेशबहादुर ढुङ्गाना




*(६- सामयिक विश्लेषण क्रमस....)*

कृषि उत्पादन बृद्धिमा दोश्रो र महत्वपूर्ण शर्त सिंचाइ हो। हाम्रो देशको कृषि मनसुनमा र जागीर भनसुनमा चल्छ भन्ने सटिक भनाई छ। यो कटु सत्य पनि हो। सरकारले यहाँ 'घरभरि कपडा, वीरे नाङ्गो' भनेजस्तो गराइरहेको छ। जुन देशमा जताततै पानी नै पानी छ, नदी नै नदी छन्, त्यही देशमा पिउने पानीको अभाव, सिंचाइको पानीको अभाव, बिजुली बत्ती नभएर अन्धकार बनाइरहेको छ नेपाल सरकारले। अव 'ग्रामिण शान्ति, हरित क्रानित' लागूगर्दा साथसार्थ 'मेची महाकाली मधेसिया महाकूलो' को पनि घोषणा गर्नुपर्दछ सरकारले यो महाकूलो तराई मधेशको शीर र पहाडको फेदबाट पूर्व-पश्चिम मेचीदेखि महाकालीसम्मका सबै नदी जोड, जडान गर्दै उत्तर-दक्षिण सप्लाई गर्ने शाखा नहर निर्माण गर्दै लैजानुपर्छ। तराईका पूरै उर्वरा भूमिलाई सिंचाइद्वारा जलथल हराभरा गराउनुपर्छ। यस्लेगर्दा बाह्रैमास बिविध कृषिवालीद्वारा तराई हराभरा भइरहन्छ र निरन्तर कृषि उत्पादन तथा भण्डारण भरपुर भइरहन्छ। त्यही नै कषि उत्पादनमा आत्मनिरर्भरता बढाउनका लागि र परनिर्भरता शून्य गर्नका लागि आफ्नै आवश्यकता अनुसार बिशाल केमिकल फर्टिलाइजर कारखाना तथा एग्रोलाम इण्डस्ट्रिजको निर्माण तुरुन्त गर्नुपर्छ। सरकारको कर्तव्य कृषि क्षेत्रमा कृषि सामग्री र सेवा उपलब्ध गराउने, कृषिमा आर्थिक अनुदान दिने र कृषि श्रमिक कल्याणकारी योजनाहरू जसतै स्वास्थ्य, शिक्षा, आवाश आदिको व्यवस्था मिलाउने हुनुपर्दछ। सुकुम्वासी, मोहीजस्ता आजका युगविपरितका असान्दर्भिक भूमाफिया तत्वलाई अमलेख गरेर सरकारी वागैरसरकारी जग्गा होइन, विभिन्न क्षेत्रजस्तै औद्योगिक, व्यवसायिक, पर्यटकीय, निर्माण, यातायात, कृषि आदि श्रमिकमा परिणत गरेर रोजगारीको व्यापकता बढाउनु पर्छ। गाविस गाविसका वडा वडासम्म विशाल आवाशगृह (एपार्टमेन्ट) बनाएर श्रमिकहरूलाई उपलब्ध वा बसोबास गराउनु पर्दछ। सरकारी ऐलानी, गुठी वा निजी जग्गामा गैरकानुनी प्रवेश ऐन बनाएर अनाधिकार प्रवेश रोक्न सम्बन्धित सरकारी पदाधिकारी वा निजी जग्गा धनीलाई गोलीसम्म हान्न पाउने आत्मरक्षाको अधिकार दिनुपर्दछ। यस्तो कानुनी अधिकार अमेरिकाजस्तो सुपर पावर र बैभवशाली राष्ट्रले पनि सरकारी र निजी सम्पत्ति जग्गा जमिन र आफ्नो ज्यानको सुरक्षा समेतका लागि सरोकारवाला तथा नागरिकलाई दिएको हुँदा त्यहाँ ठूलो शान्तिकोबहाली भएको छ। कानुनी सुरक्षाको प्रत्याभूति भएको छ। आम अनुशासन कायम भएको छ र राष्ट्र सम्पन्नतातर्फ निरन्तर अगाडि बढिरहेको छ। त्यसरी नै अमेरिकामा गाछ (त्वभभ) लडाउने र लाश (Human Body) लडाउने समेतलाई ठूलो नियन्त्रणमा राखेको छ। यहाँजस्तो सरकारी संयन्त्र र वन तस्करहरू मिलेर निरन्तर जंगलका रुख ढाल्ने, तस्करी निकासी गर्ने जंगलका जंगल सखाप पार्ने त्यहाँ कसेको हिम्मत पनि छैन, त्यसो गर्नेको खैरियत पनि हुन्न। त्यहाँ आफ्नै कोठेवारीभित्रको रुख पनि आफूलाई काट्ने हक हुँदैन। सम्बन्धित निकायको स्वीकृति लिएर जति रुख काट्ने हो, त्यति नै रुख त्यहीँ रोपेरमात्र काट्न पाइन्छ। नेपालमा गैरजिम्मेवार सरकार र वन तस्करले गर्द पर्यावरणीय ह्रास, बाढीपैरो, अति वा अनावृष्टि, तापक्रमको असन्तुलनजस्ता लक्ष्याण त सामान्य नै भइसके तर मान्छेले श्वास फेर्ने हावा र अक्सिजनको कमीले गर्दा अब क्रमसः सर्वसाधारणलाई पनि सिलेण्डरबाट अक्सिजन दिनुपर्ने अवस्था बढ्दै गएको देखिन थालेको छ। विदेशीले वातावरण बचाउन, वृक्षारोपण गर्न, जंगल बचाउन, प्रचार-प्रसार गर्न दिएको आर्थिक सहयोग पनि बीचबीचमै साफ हुन्छ अतः कृषि उत्पादन बृद्धिका लागि उपरोक्तानुसार कृषि क्रान्ति कार्यक्रम लागूगर्नुपर्दछ। सिंचाइको व्यवस्था मिलाउनु पर्दछ। मल, बीउ, सेवा, सुरक्षा, वन, जंगल संरक्षण तथा बृक्षारोपणलाई अग्राधिकारसहित अगाडि बढाउनु पर्दछ।

**जलविद्युत तथा उच्च भारवहन प्रशारण लाइन निर्माण क्रान्ति :**

जलविद्युतको क्षेत्रमा पनि नेपाली नेतृत्व पेटपोसाह र आत्मसमर्पणवादी भएर गइसकेको छ। नैतिकताको हिसावले हाम्रो नेतृत्वले पराश्रित भएर सत्तामा टाँसिने र राष्ट्रघात गरेर जिविका चलाउने जोरजुलुम नगरी आत्मआलोचना गरेर देशभक्तिको मार्ग तलैदेखि अनुशरण गर्ने गरी सबै प्रमुख दलहरूबाट सामुहिक राजिनामा गरिदिए मातृभूमि नेपालले श्वास फेर्नपाउने एउटा स्वर्णिम तथा ऐतिहासिक मौका पर्ने थियो। नेपाल जलश्रोतमा विश्वको दोश्रो ठूलो धनी मुलुक र कमसेकम ८० हजार मेगावाट विद्युत क्षमताको धनी मुलुक भन्ने जगजाहेरै छ। तर हाम्रा देशका राजनीतिज्ञ, प्रशासक, योजनाविद, अर्थशास्त्री, प्राविधिकहरूले कस्तुरी मृगमय भएर विजुली, पानी खोज्न भारततर्फ लागिदिँदा नेपाल र नेपाली भविष्य उल्टोतिर गएर खाडलमा फसेर मृत्युसँग अन्तिम युद्ध लड्न वाद्य भइरहेको छ। हाम्रो देशमा पानी छ, विजुली हुन्छ तर हाम्रा सम्बन्धित मान्छेहरू पानी, विजुली पैठारी गर्न थर्मल प्लान्टका लागि भारततर्फ उल्टो कुदिरहेका देखिन्छन्। विजुली खपतका लागि आफ्नै देश नेपालमा दशौं हजार मेगावाट विजुली खपतको स्वदेशी बजार तम्तैयार छ तर उनीहरू नेपाल र नेपालीसँग विजुली नकिन्ने भारतमा बजार खोजेर धेरै अनमोल समय अन्धकारमा बिताइरहेका छन्। नेपालमा विद्युतमा लगानी गर्नका लागि संसारका देशहरू इच्छुक छन्, विश्वका धेरै बैंक तथा वित्तीय संस्थाहरू लगानी गर्न उत्सुक छन् तर नेपालीहरू चाहिं फोकटकामी भारतका पछि दौडिरहेका छन्। घाटामुखी अन्टसन्ठ सम्झौता गरिरहेका छन्। नेपालको आन्तरिक खपतमा कति जति बिजुली चाहिन्छ भनी हाम्रा आवश्यकतातर्फ मूल्यांकन गर्दा सबैभन्दा पहिले हाल आम नेपालीले दैनिक रुपमा भोगिरहेको लोडसेडिङ निर्मूल पार्न घरेलु खपतका लागि कति बिजुली चाहिन्छ ? त्यसरी नै हाल खुलिसकेका उद्योगहरू प्रायः सबै बिद्युत अभावले बन्द भइसके र महत्वपूर्ण मिल-सामान कवाड निकासी भएर विदेशीदै छन्। पुँजी पलायत हुँदैछ अव खुल्ने फर्टिलाइजर फ्याक्ट्रीलाई समेत कति बिजुली चाहिन्छ ? प्रशस्त बिजुली भए कति विदेशी लगानी स्वतः भित्रिन्छन् ? अर्थात तीब्रतर औदोगिकरणका लागि कति बिजुली चाहिन्छ ? त्यसरी नै हाम्रा देशमा इन्धन र खाना पकाउने ग्यासको अत्यन्तै कमी र परनिर्भरता छ, त्यसको बिकल्पमा बिजुली प्रयोगमा ल्याउँदा कति बिद्युत आवश्यक पर्छ ? कमस...

# Gen-Z's Demands through a Game B Lens: Not Just New Faces, but a New Game

## New Game B: Breaking the Fragility of Game A That Crumbles Every Decade

## Dr. Alok K. Bohara

Over the past three decades, Nepal has seen three uprisings and the rotational grip of three sets of leaders—each arriving with the promise of renewal, each eventually collapsing under the weight of the same dysfunction. What should have been opportunities for transformation instead became repetitions of the same political game.




The numbers tell the story. Nepal today sustains nearly 30,000 political positions spread across federal, provincial, and local governments, while registering barely 7,000 new businesses in the same period. Instead of encouraging innovation and productivity, the system has produced armies of political cadres, often boasted to number five to seven million, while millions of ordinary citizens are compelled to work abroad. Their remittances feed the economy and sustain the lifestyles of the elites at home. It is the essence of Nepal's extractive "wealth pump" model: cadre armies at home, labor armies abroad —Game A.

### Game A's Twin Evils

The spider web political model and the wealth pump economic model together define the DNA of Nepal's Game A. Political elites spin webs of capture around business houses, bureaucracy, education, health, law enforcement, media, NGOs, and the judiciary. Their collusion doesn't stop there—it extends to the "selection" of the presidency, the composition of the upper house, and the control of commissions and constitutional bodies, not to mention the top-down, authoritarian style of internal party operations.

At the same time, they draw sustenance from remittance-driven extraction, where migrant workers send billions back home, only to see wealth funneled upward to fund elite lifestyles—luxury homes, cars, conspicuous consumption, bloated bureaucracy, endless seminars and conferences, foreign junkets, and the perks of former political office holders.

Every new set of players—whether the 1990 multiparty leaders, the 2006 Maoist revolutionaries, or today's coalition elites—has entered the system only to replicate these twin evils. They collude across party lines, divvy up captured institutions, and expand armies of cadres while relying on labor armies abroad. Even the Maoists, once insurgents against elite capture, were absorbed into the same web once in power.

The result is a cycle of fragility. A Game A system appears strong but is inherently brittle. Its power rests not on resilient institutions or adaptive rules, but on webs of patronage and rent-seeking. That is why, almost every ten years, the system cracks:

1990 multiparty democracy fell to factionalism, corruption and political games.

2006 Maoist revolution collapsed into the same extractive models.

2020s Gen-Z revolt now rises against elite overproduction and disillusionment.

The lesson is stark: Game A is designed to collapse.

But the danger now is deeper—Nepal may not be able to recover from the next collapse.

Respectful Caution on the Rush for Solutions

In the wake of the Gen-Z uprising, we see a familiar surge of activity. Zoom seminars, discussion groups, and policy forums are multiplying, bringing together PhDs, bureaucrats, media personalities, and civic leaders who are genuinely concerned about Nepal's future. Their energy is admirable.

Yet history gives us reason for caution. After every political shock, waves of proposals have surfaced—only to be absorbed back into the same Game A operating system, built around the twin evils of collusive politics and extractive economics. However sincere the effort, the result too often has been to re-stabilize a brittle system rather than to transform it.

Beyond Blame and Conspiracies

In the aftermath of September 8 and 9, much of the public conversation has centered on the destruction of buildings and private properties, alongside the killing of 19 students the day before. The current figure is more than 70. Supporters of the uprising speak of infiltration, while others emphasize the damage and disruption. Both perspectives carry weight: those responsible for violence must face justice, and the tragic loss of young lives must not be forgotten.

Still, it would be a mistake if the debate stopped here. Overemphasis on property damage, or attempts to pin the uprising solely on Gen-Z supporters, risks narrowing the issue into another familiar cycle of accusation and counter-accusation. Likewise, narratives of shadowy foreign hands behind the movement may distract from the deeper challenge. Nepal has seen this diversion before—after each revolution, conspiracy replaced reflection, and the structural flaws of the system remained untouched.

The true test is not simply to punish or explain the events of September 8 and 9 but to confront why Nepal's political system is so brittle that such upheavals recur every decade. Unless we confront the twin evils of collusive politics and extractive economics, the country will remain trapped in Game A's cycle of fragility.

A New Operating System for Nepal (Game B Principles)

If the twin evils of Game A are the problem, then the answer lies in designing an operating system built on resilience, accountability, and distributed participation. A Game B Nepal might include:

Distributed Power

Break the chain of capture by ensuring real autonomy for local governments, municipalities, and provinces with transparent fiscal authority. Decision-making flows both upward and downward, not just from the center.

Accountable Institutions

Independent oversight bodies—judiciary, anti-corruption, election commission—shielded from party capture, with built-in transparency and public reporting protocols.

Equitable Participation

Party structures mandated to run on internal democracy (primaries, financial transparency, term limits), so leadership reflects citizens rather than entrenched elites. The Election Commission should be constitutionally bound to enforce this, as is done explicitly in countries like Germany, Spain, and South Africa.

Resilient Structures

Institutions designed with feedback loops—citizen assemblies, review boards, and periodic audits—so the system adapts and corrects itself before reaching collapse.

In short, Game A thrives on concentration and collapse, while Game B is about distribution and resilience.

A Note of Caution

Some in the new forces now call for bold constitutional redesign, such as a directly elected prime minister or president. While such proposals resonate with frustrations over paralysis, history counsels caution. Israel briefly experimented with direct prime ministerial elections (1996–2001), but the result was instability and policy deadlock, leading to its abandonment. No country today uses this system.

Tunisia's recent turn is an even starker warning. In 2022, President Kais Saied rewrote the constitution to concentrate executive power, sidelined parliament, weakened the judiciary, and restructured the election commission under presidential control. Decree-Law 54 criminalized dissent under the guise of combating "false news." By 2024, opposition parties had been neutralized, elections hollowed out, and power centralized. What began as reform for accountability quickly devolved into autocracy.

The lesson for Nepal is clear: without checks and balances, even the noblest reforms can collapse into authoritarian drift.

**Escaping the Twin Evils: From Game A to Game B**

This is where Game B, as articulated by complexity scientist Jim Rutt, offers a clarifying lens. Game A is the game of fragile power: extractive, collusive, and doomed to repeat collapse. Game B is the game of resilience: distributed, transparent, adaptive, and built to endure stress without breaking.

Seen in this light, the Gen-Z uprising is not just another cry for leadership change. It is an instinctive revolt against the very operating system of Game A. Their demand is not simply for new faces but for a new game—one that escapes the spider web of political capture and the wealth pump of economic exploitation, and instead builds institutions that are participatory, transparent, and resilient.

Protocols of Game B

If Nepal is to break free from the cycle of Game A, it needs not just new leaders but new protocols—rules and practices that reshape how power operates. A Game B Nepal could start with:

Independent Upper House

Elect an upper house directly, separate from lower-house victories. This creates an institutional check against one-party monopolies.

Checks on the Presidency

If Nepal chooses direct presidential elections, the office must be bound by strong checks and balances—clear limits on authority, judicial oversight, and accountability to parliament and citizens.

Internal Party Democracy

Mandate primaries, term limits, and transparency in party structures so no party becomes a private cartel. Germany, Spain, and South Africa embed such clauses in their constitutions.

Resilient Local Governance

Strengthen municipalities and provinces with real fiscal autonomy and citizen oversight boards, so power and accountability flow downward, not just upward.

These protocols shift the focus from personalities to structures. They aim to make politics resilient rather than brittle, adaptive rather than corruptible, and accountable to citizens rather than captive to elites.

These protocols shift the focus from personalities to structures. They aim to make politics resilient rather than brittle, adaptive rather than corruptible, and accountable to citizens rather than captive to elites.

Conclusion: Breaking the Fragile Game

Nepal's tragedy is not just bad leaders; it is the **system itself—Game A—** that is brittle, extractive, and prone to collapse. Parties expand patronage, forming vast cadre armies at home, while economic stagnation forces millions into labor armies abroad, sustaining elites through remittances rather than resilience. Such systems inevitably crack under their own contradictions.

If Nepal is to avoid yet another cycle of collapse, the task for Gen-Z is not to seize the old game but to design a new one. That means moving beyond spider-web politics and wealth-pump economics to a system that is adaptive, participatory, and resilient.

A Game B society does not promise utopia, but it does promise something Nepal has never truly had: a political architecture that does not collapse every ten years.



Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# सारतः सुगौली सन्धिपछिको नेपाल

सारत: सुगालै सन्धीपछि नेपालीको निस्कामभावको राष्ष्ट्रप्रेम र राष्ट्रसेबाभाव भाँचिदै गयो । त्यसको पहिलो सिशकार पद्मशमशेरह भए । उनको जनतालाई आधारभूत अधिकार दिनु पर्दछ, देशलाई कानूनी राज्य बनाइनु पर्दछ भन्ने कुरा सत्तामोही र अबसरबादी नेतालाई पचेन, उनलाइई चुरमुच्याएर निकाला गरियो । प्रमको पदबहाल गरेपछि 'म जनताको सेवक हुँ' भनेको शब्द कसैलाई पचेन ।

बिदेशीले श्रीपेच लगाइदिएर सत्तामा पुऱ्याइएका सबै नेताको श्रीपेच खोस्ने काम नेपाली जनताले गर्नँपर्छ । यदि भारतमा लोकतन्त्र छ भने एकजना सचिवबाट त्यो उल्टिँदा किन मौन रयो भारत ? यस्ता कुराले दुई देशबीचको पारस्परिक र विशेष सम्बन्धको जग नराम्रोसँग भत्किन्छ । यस्तै कारण नेपाली जनमानसमा भारत बिरोधी सेन्टिमेनट दिनहुँ बढ्दो छ । भावनालाई धनले किनन सक्दैन भारतले । मोदीलाई यो चुनौती र अबसर बराबर हो ।

कस्ले बनाउने नेपालको संबिधा ? नेपालीले कि बिदेशीले ।

भारतप्रति किन अविश्वास बढ्दैछ ? भारतीय राजदूतले नेपालबारे 'द्विविधा'मा रहेको अभिव्यक्ति किन दिए । नेपाल नीतिको समीक्षा र सुधार गर्नँपर्छ ।

सूर्यबहादुरको पछिल्लो कार्यकाल

त्यसपछि 'रोल मोडेल' फेर्दै अन्ततः २००२ जुनमा भारतीय प्रधानमन्त्री कार्यालयमा पत्र बुझाउन पुगेका हुन् उनी । तर आश्चर्य ! दरबार हत्याकाण्डमा भारतको भूमिका छ भनी सार्वजनिक रूपमा दाबी गर्ने भट्टराईप्रति भारतको विश्वासको कारण?के हो ?

तर अहिले उनलाई पहिराइएको राष्ट्रवादी 'श्रीपेच' ले एउटा प्रश्न उठाएको छ( के भारतको सहयोगमा नेपाली राजनीतिमा प्रवेश गरी प्रधानमन्त्रीसमेत बन्न पुगेका भट्टराईको क्रान्तिकारी पार्टीले कसरी मूल्यांकन गर्ला दिल्ली भ्रमण सकेर स्वदेश फर्केपछि, त्यो अर्को चाखलाग्दो पाटो छ ।

बाह्रबुँदेको असर र त्यसको औचित्यको समीक्षा अब उनीहरूको उद्देश्य बन्नैपर्छ। अबको राजनीतिले सही बाटो पत्ता लगाउने छ यदि राष्ट्रहितलाई सर्वोपरि राखी मुलुकमा परिस्थितिको समीक्षा भयो भने ।

जनताले बनाएको संबिधान

नेपालमा संविधान लेखनमा नेपाली जनताले आफ्नो भूमिका खोज्ने छन् । त्यसमा सम्झौता गर्ने छैनन् उनीहरूले। प्रक्रियासम्मत र विधिसम्मत तरिकाबाट जनताको सक्रियता र बृहत् बहसमा आधारित संघीयता, धर्म निरपेक्षतालगायतका मामिलाबारे निर्णयमा नपुगिए संविधानको औचित्य रहने छैन । तर शान्ति प्रक्रियापछि संघीयताको मागका लागि उठेको मधेस आन्दोलन र जोडिएको गौर हत्याकाण्डको वस्तुनिष्ठ छानबिन पनि हुनुपर्छ ।

मध्यरात विवेचना

१.खौलोमा परेपछि गोरूले पनि चेत्दछ । न्युरोसिसका रोगीजस्तै निको नहुने र वदलिने चाल निरन्तर चलिरहन्छ । काल खण्ड र पात्र अनन्त पटक बदलिँदा पनि प्रवृत्ति कहिल्यै नबलिने भइरहन्छ । श्रव्य/दृश्य विज्ञापन जस्तै मध्यरात दोहरिने काम निरन्तर चलिरहेको छ । राजतन्त्रलाई जन प्रतिनिधिमूलक संस्थाको हैसित समाप्त पार्ने षडयन्त्र निरन्तर भइरहन्छ । नेपाली राष्ट्रियता र एकता समाप्त पार्ने आरोप प्रत्यारोप निरन्तर चलिरहन्छ । दल बाहिरी शक्तिबाट परिचालन भइरहन्छन् । राजाले रक्तपात हुनुभन्दा राज्यसत्ता त्यागिदिनु उचित ठान्दछन् । सत्ता त्याग्दछन् । राजतन्त्रको मसाप्ति पछि दलहरू बाह्य शक्तिकेन्द्रहरू मार्फत षडयन्त्रको तानाबाना बुन्न सकृय रहन्छन् । स्रोत साधन खर्चन कसर बाँकि राख्दैनन् । देशप्रेमी र धनप्रेमीका बीच कचिङ्गल चलिरहन्छ । फलत: २०६२ देखि दश बर्षसम्म कुनै निर्णय हुदैन । देश तरल अनिर्णयको बन्दी बनिरहन्छ । बिदेशीको चलखेल उग्र हुन्छ ।

३.जुन देशको शिक्षामा इतिहासको ज्ञान हुँदैन त्यस देशमा यस्ता घटना दोहरिइ रहन्छन् । जुनबेला भारतीयहरूमा इतिहासको ज्ञान थियो विदेशीलाई धपाई पठाउन सके । इतिहासका ज्ञान नभएका बेलामा केही गर्न सकेनन् ।

नेपाली राजनीतिको अँध्यारो पक्ष

१.इतिहास नबुझ्ने, गल्तीबाट नसिक्ने नेपालका नेताको सत्तामोहीको प्रबृत्ति छ । मध्यरात : निशाचरी हो । पौरस्थ्य शासन पद्धतिले रातिराति काम गर्ने प्रथालाई निशाचरी ठान्दछ । निशाचर भनेको असुर, दानव, दैत्य, राक्षस हुन् । महाभारत युद्ध पनि सूर्यास्त भएपछि सूर्योदय नभएसम्म गरिदैनथ्यो । पौरस्थ्य शासन पद्धतिमा युद्धगर्दा पनि कानूनको पालना गर्नँ पर्दछ, त्यसलाई युद्ध कानुन भनिन्छ । प्रजातन्त्र, समानता, निस्पक्षता, सत्यता, न्याय, इमान्दारी, कर्तब्यनिष्ठ, पारदर्शी जस्ता कुरा सधै आदरका बिषय वस्तु हुन्छन् । नीति आचरण र चरित्र सधै मान्य हुन्छन् । यी सिद्धान्तमा काम गर्दा राति गर्नँ हुदैन । छलछाम बेइमान, कीर्ते जालसादी, झुक्याउने ढाँट्ने ढग्ने जस्ता काम गर्ने प्रबृत्तिलाई दानबी भनिन्छ । मुसलमान र इशाईहरूले गरिने युद्ध दानबी हुन् । गुरिल्ला युद्ध, झुक्याएर गरिने युद्ध, सुतेका खाएकाबेला गरिने युद्ध, हतियार बिहिनसंग गरिने युद्ध दानबी हुन । माओबादीका सबै छापामार युद्ध राक्षसी हुन् । रातमा दानबको शक्ति बढ्दछ भने दिनमा मानब र देबताको ।


२. नेपाल मध्यरात तिर उन्मुख हुने कारण अज्ञानता र बिदेशीको सिको हो, विदेशीको कर्तुत हो । निषाचरी संस्कृति पश्चिमाको हो । आज पनि पश्चिमाहरू राती रमाउँछन् । बाह्र एक बजेसम्म पव, क्लवमा रमाउने र बिहान अबेलासम्म सुतिरहने प्रवृत्ति पश्चिमा हो । ठमेल, दरबारमार्ग, झोछेंका राताारि खुलाहुने दुकान र व्यवसाय पनि पश्चिमाको अनुसरण हो । लर्ड मेकाउलेको शिक्षा हाँसिल गरेका र उतैबाट पालिपोषित व्यक्तिले पश्चिमाको, अनुशरण गर्नु स्वाभाबिक हो । आन्तरिक राज्यव्यवस्ता चलाउन पनि पश्चिमाको आदेशनिर्देशमा हुनु असामान्य कुरा हो ।

विदेशी शक्तिलाई ॅप्रभु मान्ने सत्ताधारी स्वदेशीले यही परम्परा धानिरहेको छन् । सत्ता पक्षले आफू पालिने र आमजनता फालिने पनि पश्चिमी सामन्तवादी संस्कार नै हो । राम्रो मानिस होइन हाम्रो मानिस भन्ने संस्कार पनि आयातीत हो । लोकतन्त्र शब्द पनि आयातीत हो । पशि्चिमी लोकतन्त्रमा जनता भनेको दलको सदस्यता लिएका मानिसमात्र पर्दछन् । तिनले जनमत र प्रजातन्त्रका सर्वमान्य सिद्धान्त मान्दैनन् । अनिर्वाचित र टिके प्रतिनिधि बनाएर २० - २५ वर्षसम्म एकछत्र शासन चलाउन चाहन्छन् । वैदिक धर्मलाई डलरसँग सट्टापट्टा गराउँछन् । एकदलीय तानाशाही, सत्ता लिप्सा, आजीवन पदमा रहने र सार्वजनिक सम्पत्तिमा रजाइँ गर्नँलाई जनसरकार भनिन्छ, । त्यसैलाई लोकतन्त्र भनिएको छ । पौरस्थ्यको शासन पद्धतिको नाम प्रजातन्त्र हो । धर्म, जुठो शब्दको जस्तै प्रजातन्त्र शब्दको पनि अग्रेजीमा कुनै शब्द छैन । मानब मात्र होइन, प्राणी (जलस्थलनभ) मात्र, प्रकृति र प्राकृतिक सबै वस्तु हक हितको संरक्षण गर्ने पद्धतिलाई प्रजातन्त्र भनिन्छ ।

वैदिक धर्मदर्शनमा जीवन्त रहेको नेपालीको शासन पद्धतिमा सबैजसो नराम्रा कामहरू रातिमा भएकाछन्, मध्यरातिमा । नेपाल त्यसबेलादेखि आजसम्म मध्यरातीय दुर्घटनाबाट उम्किन सकेको छैन ।

संबिधान - १. बि.सं. २००७ सालमा नेपाली जनताले प्रजातन्त्र पाए देखि जनताले बनाएको संबिधानको माग गरिरहेका थिए । २०१४ सालको भद्र अवज्ञ आन्दोलन पनि संबिधान सभाको चुनाबकालागि थियो । नेपाली काँग्रेसले बेलायती ढाँचाको राजतन्त्र खोजेको थियो । पलत: बेलाती संबिधानबिदलाई बोलाएर नेपालको संबिधान २०१५को निर्माण गरियो । त्यो संबिधानलाई सबैले मन्जुर गरेपछि त्यसै बर्ष संसदको निर्बाचन भयो । नेकाँले संसदका कुल १०९ सीटमद्धे .....सीट मा बिजय भएपछि सो दल हौसियो । आउँदो चुनबमा सबै सीट नेका हुने गरी सदस्यता अभियान चलायो । सदस्य बन्न नचाहनेलाई बलप्रयोग गर्न थालेपछि देशमा अशान्ति मच्चियो । अशान्ति हुनुमा भारतीय सेना र डाल्डा घियुको आयात अर्को विषय भयो । रक्षा, जलश्रोत र परराष्ट्र भारतलाई सुम्पने तरखरले राजामहेन्द्र पनि आत्तिए । फलत: सोही संबिधानका धारा ५५ अनुसार संकटकाल द्घोषणा गरेर नेकाँको सरकारलाई अपदस्थ गरिदिए । जनमत काग्रेसबिरूद्ध खनियो । दलबिहिन पञ्चायती प्रजातन्त्र, जुन पौरस्थ्य शासन पद्धति (वैदिक साम्यबाद)को जगमा बनाइएको थियो । जनसहभागिता अत्यधिक हुने नेपालीले गाउँघरमा मान्दै आएका मौलिकपरंपराको जस्तो भएकोले धेरैले मन पराए । तीन बर्षको संकटकालपछि तत्कालीन संसदलाई बहुदल कि दलबिहिन प्रजातन्त्र भनेर सोधियो । सतप्रतिशत सांसदले पञ्चायतलाई निर्बिकल्प व्यवस्था भनेर पास गरेपछि यो पद्धति लागू भयो ।

नेकाँले बेलायती मोडेलका दलीय व्यवस्था भनेपनि त्यसले भारतीय नेहरू डक्ट्रइनलाई नै अबलम्बन गऱ्यो । स्वाभिमानी नेपालीलाई परजीवी ( राजनीति,अर्थनीति, सामाजिक र धमार्मिक नीति) शासन पद्धति मन परेन । त्यसबेला नेकाँले नबुझेको कुरा के हो भने कांग्रेसले


डा. शास्त्रदत्त पन्त

श्री ५ महेन्द्र वीर विक्रम शाह
श्री ५ वीरेन्द्र वीर विक्रम शाह
श्री ५ दीपेन्द्र वीर विक्रम शाह
श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाह

राज कुलमा सवैभन्दा बढी पढेको ब्यक्ति हुन् । उनले भूगोल बिषयमा बिद्यावारिधी गरेका हुन् ।

श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाह

यिनी रोलक्रमले राजा हुने वाला होइनन् । १९ बैसाख २०५८ को बिभत्स दरबार हत्याकाण्डमा युवराज दीपेन्द्र उनका भाई अधिराजकुमार निराजनको पनि हत्या भएपछि उत्तराधिकारी ऐन अनुसार नजिकका उत्तराधिकारी भएबाट राज परिषदले राजा घोषित गरेको हो ।

तर २०६५ सालमा संविधानसभाले गणतन्त्र घोषणा गरेपछि राजतन्त्रको अन्त्य भएको थियो ।

संसदमा दुइतिहायी मत ल्याएको भए पनि काँग्रसलाई मत हाल्ने जनताको संख्या एक तिहाई मात्र थियो । यो चुनाव पद्धतिको दोष थियो । सदनमा बहुमत भएर हस्स पऱ्यो सडकमा अल्पमत भएर हिस्स पऱ्यो ।

प्रजातन्त्रमा सदनको भन्दा कुलप्रप्त मतको हेक्का गर्न जरूरी हुन्छ । आजसम्म नेपालमा मानि आएको निर्बाचन पद्धति गलत छ, दोषयुक्त छ, प्रजातान्त्रि अभ्यास गर्न नसकिने छ । चुनाव पद्धति नसुधारसम्म जुन पद्धति भए पनि मुलुक शान्त र समुन्नत हुने बाटामा जान सक्तैन ।

# जेनजी पुस्ताको आन्दोलनबाट देश र



सुरेशकुमार पाण्डे

जेनजी पुस्ताले सत्ता उलटफेर पारि दिए । जेनजीभित्र घूसपैठ भयो र देख्दा नेपालको इतिहासमा पहिलो पटक सत्ता पलट भएको जस्तो देखिएता पनि वास्तविक रूपमा त्यस्तो होइन । अहिले त्यसको अनुहार खुल्दै आएको छ र भविश्यमा घामजस्तै छर्लङ्गै हुँदैजानेछ । असन्तुष्टी बिस्फोट भएको हो, २७ घण्टामा तख्ता पलट भएको पनि हो । तर घूसपैठले जुन विध्वंश देखायो, यो दु:खदायी र पीडादायी छ । व्यवहारबाट घूपैठको अंदाज गर्न सकिन्छ ।

सुरुमा आन्दोलन् Generation-z अर्थात जेन्जी पुस्ताले चलाएको आन्दोलनको मुख्य माग सामाजिक सञ्जालका केही एपहरू जो सरकारले बन्द गरेको थियो तिनीहरूलाई सुचारू रूपबाट चालु गराउने र देशमा हुदैआएको भ्रष्टाचारलाई रोक्ने मात्र थियो । नेपोटिजम र नेपोबेबीहरुको उत्तिकै जगजगी थियो ।

तर जेन्जीको जुनसुकै उदेश्य भएपनि त्यो आन्दनको उनिहरू मध्य कसैलेपनि कल्पना गरेको भन्दा बेग्लै र रक्तपात हुनगयो ।त्यसकारण उक्त आन्दोलनका द्वौरानमा भएको जन धन क्षति हुनु उनिहरूले सोंचेको भन्दा त्यसको परिणाम छुट्टै आयो । त्यही अहिलेको सरकारको प्रमुख काम बनेको छ ।अहिले आन्दोलन सिद्धियकोजस्तो देखिएपनि फेरी भित्रभित्रै आन्दोलनको सुरूवात भएको देखापर्छ ।जेन्जी समेत समानन्तर संगठन बनाइएका देखिन्छन् ।

भयो के भने अब आन्दोलन अकल्पनिय धरतलमा पुगेको छ । अहिलेसम्मको परिस्थितिले देशलाई झनै सङ्कटग्रस्थ तथा आसङ्कित बनाएको छ ।

जेन्जी आन्दोलन पछि गैरकानुनी असंवैधानिकरूपमा अनापसनापमा शुसिला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनेको छ । त्यो सरकार जो जसरी बनेता पनि त्यसले के गर्नु पर्दथ्यो र अहिले केगर्दै आएको छ ? यही अहिलेको प्रमुख जनचासोको बिषय बनेको छ । पहिलो आधारभूत बिषय यो अन्तरिम सरकारलाई ६महिना भित्र चुनाव गराउने र देशमा भएको भ्रष्टाचार खतमपार्ने, जनधनमा भएको क्षतीको तुरून्त जाँच गरेर दोषीमाथि कार्वाही गर्ने हो ।

त्यसतर्फ अहिलेसम्म प्रधानमन्त्रीलाई केविनेट टीम समेत बनाउन सकिएको देखिन्न । छानविन आयोग बन्यो, काम पनि थाल्यो, तर पहिलेजस्तै छानबिन हुने र रिपोर्ट दमपच पार्ने हो कि ?

किनकी यति लामूसमयसम्म दोषीहरू चुप्प लागेर बसेका हुँदैनन् उनिहरूले आफ्नै प्रामाणहरू नष्ट गरिसके । त्यसकारण कार्य विलम्व गरेर दोषिहरूलाई अन्तरिम सरकार आफैले बचाउन प्रयास् गरेको आभाष हुन्छ । काममा सकृयता नदेखिनु पनि षडयन्त्र नै हो ।

राष्ट्रपति र एमाले अध्यक्ष पुष्पकमल दहालले भन्छन् "हामीले गणतन्त्र र सम्विधान् जोगायौं ।' अहिले देशमा संविधान छ गणतन्त्र छ । त्यसो भए संसदबाट नै प्रधानमन्त्री चुन्नु पर्यो । शुसिला कार्की स्वायम प्रतिनिधिसभा सदस्य होइनन्, उनिहरूले संसदिए राजनीतिक पार्टीबाट आएका कुनैपनि व्यक्तिलाई सरकारमा सामिल नगर्ने उनिहरूले अप्नाएको व्यवहार छ र भन्दै आएका पनि छन् । अर्थात् संविधान मरिसकेको छ ।

अझ आर्को कुरा प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीका कुराहरू आएका छन् । देखावटीरूपमा भएपनि सरकारका सल्लाहाकार जेन्जीहरू र बाबुराम लगायत कतिपय नेताहरूले सरकारलाई प्रत्यक्ष चुनावबाट प्रधानमन्त्रीका सुझाएकाछन् । त्यसो भए संविधान कता गयो ? समय खेर फालिदैछ ।

त्यसको लागि पनि संविधानले तह दिनेछैन । किनकी संविधानमा त्यसतो व्यवस्था नै छैन । अब प्रधानमन्त्रीज्युले कसोगरी निर्धारित समयमा निर्वाचन गराउँछिन् त ? त्यो घोषणा मात्र देखिन्छ । प्रथमत:त नेपालमा प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री निर्वाचनका लागि संविधानको संसोधन् आवस्याक पर्छ । अर्को त्यो व्यवस्था ठिक छ वा छैन ? त्यसबारे पनि छुट्टै छलफलको बिषय हुन्छ ।

सुशीला कार्की आफै संसदिय सदस्य होइनन् र उनि सर्वोच्च अदालतको पूर्व प्रधानन्यायाधीस् हुन् । हुनसक्छ राष्ट्रपतिले अन्य ठूला दलहरूसँग बार्तलाव पछि संसदलाई जोगाउने उदेश्यले कुनै बिशेष परिस्थितिमा अन्तरिम सरकार बनाउन यो कदम उठाएकाहोलान् । अहिले किन जानबुझेर ढीला गरिएको छ ? यसबारे अन्तरिम सरकारको मनसाय के हो ? अपराधीहरूलाई जोगाउने त होइन ? जसले जेन्जीको नाममा बिध्वंश मचाए, ताण्डव नाचनाचे उनीहरूलाई किन खोजबिन र जेल हुनसकेको छैन ? यसबारेमा प्रधानमन्त्री जवाफदेही हुनुपर्ने छ । आलटाल गरेर समय घर्किंदै जानेछ, फेरी आर्को बिद्रोह झेल्नुपर्ने छ ।

कैदीहरू फरार छन, सरकारी र इफलहरू हराएकाछन् । जेल तोडेर कैदीहरू भगाउनमा कस्को हात छ ? यसो त जेन्जीहरूले गरेनन् जेन्जीको नाममा राजनैतिक पार्टीका नेता कार्यक्रताहरूले नकापपोषहरू पठाएर जेल तोडे कैदीहरूलाई बाहिर निकालेर कयौं अपराधीहरूलाई गुन लगाएका छन् । कयौं नेताहरू जेलबाट फरार छन् । एकातिर जेन्जीको नाममा देशैभरी अराजक फैलाएका छन् भने आर्कोतिर उनिहरूको बिरूद्धमा सरकारले कुनै पनि एक्सन लिएको छैन् । किन जनआशामा तुसारापात ? यो त अति हुँदैछ ।

यस्तो चालाले देश बर्वाद हुनेछ ।

प्रिय जेन्सी पुस्ता तिमिहरूले चलाएको आन्दोलनबाट कसलाई कति फाइदा भयो होला ? तिमीहरू आफै आफ्नो विवेकद्धारा अनुमान लगाउ । कतिका सपना, योजना र परिवार उजडियो । देश बर्वाद भयो, दुश्मन् खुसि भए उनिहरूले फाइदा उठाए तर देशको अवस्था चिन्ताजनक बन्यो । थोरै कम्जोरीले देशको सार्वभौमसत्ता तरल अबस्थामा पुग्यो । तिमिले भ्रष्टाचारको अन्त्य चाहेका थियौ तर यहाँ तिम्रै रगतमाथि भ्रष्टाचारको जालो बुनिदैछ । विद्रोहले आमूल परिवर्तन् ल्याउन सकेन । क्रान्तिको लागि अनुसाशन र एउटा सक्षम मिलिटेन्सी नेतृत्वको खाँचो हुन्छ । जता जसलाई मारेपनि मर्ने नेपाली जनता हो । तसर्थ विवेकशील बनौं देशलाई शान्तिको पथमा लम्काऊँ ।

हाम्रो समाजले विश्वमा एउटा कतै नभएको छाप छोडेको छ त्यो केहो भने पटक पटकको ठोकरले पनि चेत खुल्न नसकेको । मानव समाज यो प्रकृती जगतमा एउटा चेतनसिल प्राणी मानिन्छ तर हाम्रो देशका यी मानवहरू आफ्नो विवेक प्रयोग गर्दैनन् । कौवाले कान लग्यो भनेपछि सधैँ कौवाको पछि लाग्ने हाम्रो समाज छ । विदेशी र ॅ मौकाप्रस्तहरूले युवाशक्तिहरूलाई प्रयोग गर्दै आएको छ । अहिले पनि जेन्जिडको नाममा युवाहरूलाई प्रयोग गरेर आफ्नो सत्ता स्वार्थ पुरागर्ने दाउँमा असमाजिक तत्वहरू छन् । आन्दोलन ऐतिहासिक भएको छ तर यो आन्दोलनबाट कुनशक्तिले फाइदा उठाउँछ त्यसको रूझान अहिले पनि देखिंदै आएको छ । हाम्रो समयमै बुध्दी पलावस ।



# नेपालीलाई नुनको पीडा

हिमाल र पहाडमा नुनको पीडा कतिसम्म थियो, यसको लेखाजोखा आज गरेर साध्ये छैन । बाटो थिएन, सञ्चारका साधनहरू थिएनन् । यसकारण पनि भीरपाखा हिडेर नुनको जोहो गर्न महिनौं हिड्नुपर्ने हटारू जीवन थियो हाम्रो । जाडो गर्मी भन्न पाइन्नथ्यो । खुट्टामा जुत्ता हुनेथिएनन् । कष्टको कुरा गरिसाध्य छैन ।

पहाडका मानिसहरू चौमाला, राजापुर, टनकपुर, नेपालगञ्ज, दाङ्तिर झर्ने गर्थे । यसरी नुन किन्न महिनौंको बाटो हिडनुपर्थ्यो । आज पनि पहाडका मानिसहरूलाई बाटो छैन, पुलपुलेसा छैनन्, उचित शिक्षा र रोजगारी छैन । भारत गएर रोजगारी गर्ने र नुनतेल, लत्ताकपडाको जोहो गरेर फर्कनुपर्ने बाध्यता छँदैछ । तर सञ्चारको विकास भएको छ । बाटो बन्दैछन् । रोजगारीका अवसर खोजिदैछन् ।

यिनै वीरहरूले नेपाल जोगाएका थिए । विश्वयुद्ध लडेका थिए । आज विश्वशान्तिका लागि यिनै खटिने गरेका छन् । पुर्षा वीर थिए, वर्तमान वीर छन् कि छैनन् भन्न सकिन्न । बुढापुराना पुस्ताले ३७ वर्ष खेर फालिसकेपछि जेनजी नाममा नवयुवापुस्ता अगाडि सरेको छ । वीरका सन्तान थिए, ज्यानको बाजी लगाएर २७ घण्टामा सत्ताको उलटफेर गरिदिए । युवाले चाहे नहुने के रहेछ ? युवाले गर्न नसक्ने केही पनि रहेनछ । युवा सडकमा निस्केपछि राज्यसत्ता, नयाँ हिटलरहरू भाग्ने रहेछन् । भ्रष्ट नैतिकहीनहरू लुक्ने रहेछन् । अपराधीहरूमा छटपटी हुनेरहेछ ।

नुनको पीडाबाट गुज्रिएका हाम्रा पुर्षाहरू बितेर गए । स्वर्ग छ भने त्यहाँबाट वर्तमान नवयुवा पुस्तालाई तिनले हेरिरहेका होलान्, भरोसा गरेर हाँस्ने प्रयास गरिरहेका होलान् । नवयुवाले नेपाल बनाउने छन्, नेपालको अस्तित्व सार्वभौमिकतालाई बचाउने छन् । विश्वास गर्नुपर्छ, भरोसा दिनुपर्छ ।

- डा.विनिता



अन्तिम पातो - शाश्वत शर्मा

## अन्तरिम संविधान र शुद्धीकरण

भदौ २३ र २४ को जेनजीको बिद्रोहपछि संविधान ढल्यो, संसद बिघटन भयो, अन्तरिम सरकार बन्यो । अब सर्वस्वीकार्य संविधान बन्छ, संघीयता खारेज हुनेछ, सुशासनका लागि सबै भ्रष्टाचारका फाइलहरु खोलेर छानबिन हुनेछ, भ्रष्ट, अपराधीमाथि दण्ड सजाय हुनेछ भन्ने लागेको थियो । जेनजीको प्रतिनिधित्व गरेकी प्रधानमन्त्री सुशीला कार्कीले गत बिहीबार प्रष्ट पारिदिइन्- यो सरकारले संविधान संशोधन गर्न सक्दैन । जेनजी बिद्रोहको बलमा अन्तरिम सरकार बन्न सक्ने, संविधान संशोधन हुन नसक्ने ? ७५ जना नवयुवाले ज्यानको बली चढाए, सुशासनका लागि । प्रम बनेकी सुशीला कार्कीले लोप्वा पो ख्वाइदिइन् । वास्तविक जेनजी जो थिए, तिनले एकपल्ट फेरि बिद्रोह गर्नुपर्ने भयो भन्न थालेका छन् । खास जेनजीका प्रतिनिधिले कांग्रेस, एमाले, माओवादीका नेताहरुलाई आतंककारी घोषणा गर्नुपर्छ भन्ने माँग पनि अघि सारेका छन् । पक्का छ, यी माँगहरु पनि पूरा हुँदैनन् । किनकि केपी ओलीले नै हाहुमा आएको परिवर्तन भनेर जेनजी आन्दोलनको खिसी गर्नथालिसकेका छन् । अन्य पार्टीहरुले पनि बिध्वंशमा जेनजीको हात छैन, घूसपैठ भयो भन्दै तोषिमा कार्कीद्वारा बिघटन गरिएको संसदको अधिवेशन डाक्न भनिसकेकी छिन् । त्यत्रो जनधनको क्षती, नवयुवाको बलिदान, घाइतेहरुको त्यागलाई हाइज्याक गरिसकियो । जेनजी पुस्ताले चाहेको सरकार परिवर्तनमात्र हो र ? वर्तमान र भविष्य सुधारौं भनेर गरिएको आन्दोलनले संसद बिघटन र मन्त्री फेर्नुमात्र थिएन । आन्दोलनका बेलामा राखिउका मागहरुमध्ये भ्रष्टाचारको छानबिन, भ्रष्टमाथि कारवाही, सम्पत्ति शुद्धीकरण, नेपोटिजम र नेपोबेबीइजमको अन्त्य मुख्य थिए । आन्दोलनका समयमा बडे बडे नेताका घरमा नोटका बिटाका बिटा फेला परे, अवौं जलेका नोट भेटिए, अब पासपोर्ट रोक्का गर्ने वा छानबिनका नाममा सोधपूछ सम्म गरिएला कि ?

अर्थात् जेनजी पुस्ताको मागअनुसारको कारवाही हुने छेकछन्द देखिदैन ।

हुनसक्छ, भ्रष्टाचारको छानबिनका क्रमले केही नेताहरुले फागुन २१ को चुनाव लड्नबाट बन्चित हुनपरोस् । यसबीच नेकपा स का अध्यक्ष माधवकुमार नेपालको भनाई छ- स्थिति सम्हाल्न सेनाले राजा ज्ञानेन्द्रलाई अनुरोध गरिएको तर राजाले सबै सहमतिमा नआएसम्म आफू अगाडि बढ्न नसक्ने जनाउ दिएका थिए । यदि यो सही कुरा हो भने, राजाले बुद्धिमापूर्ण कदम चालेको मान्नुपर्छ । संकट पर्दा राजालाई सम्झने, सर्वसम्मतिमा राजतन्त्र भन्न नसक्ने ? यो विषयान्तर गर्ने अर्को भ्रष्ट नेताहरुको षडयन्त्र हुनसक्थ्यो, जुन राजाले नै तुहाइदिएका छन् । लिखित रुपमा जनताका सामु नखुलेसम्म राजाले कुनै कदम चाल्नु हुन्न ।

जसरी तसरी अन्तरिम सरकार बनेको छ । फागुन २१ मा चुनाव गर्ने भनिएको छ, जुन सम्भव होला र ? कारण यही असफल संविधान हो । मुक बिघटन नहोस्, विभाजनमा नजाओस्, नयाँ पुस्ताले गम्भीर भएर सोच्नुपर्छ । देशप्रति अलिकति पनि जिम्मेवार हुन्छन् भने पार्टीका सकल दर्जाका कार्यकर्ताहरुले सही कुरा गर्न र विवेकशील हुन भन्नुर्प । यो समय गणतन्त्रको कुरा गर्ने होइन, यो समय भनेको नयाँ पुस्ताले देश हाँक्ने र आमनारिकको अपेक्षा पूरा गर्ने अनि जे जति विध्वंश भएका छन्, नवनिर्माणको अध्याय सुरु गर्नुपर्नेछ ।

जनयुद्ध, जनआन्दोलन, लोकतन्त्र, गणतन्त्रको राग अलापेर पुग्ने आगोमै हो, हुने खरानी नै हो । समयको राप र ताप बुझ्नुपर्छ, भदौ २३ र २४ गतेको धनजनको क्षति, नवयुवाको त्याग र बलिदानलाई बिर्सनु पाप हुनेछ । सहमति, सहकार्य र संवाद र नवयुवाको माग संवोधन गर्न पूर्वराजाले आग्रह गरेका छन् । यही आग्रहको आवाज आजको आवश्यकता हो । जो भ्रष्ट छन्, घातक छन्, नेपोटिजम र नेपोबेबी भनेर बसेका छन्, तिनैलाई आरती गरेरबस्ने हो भने, यिनैलाई अभिभावक मान्ने हो भने मुलुक सकिन बेर लाग्नेछैन । जुनसुकै पार्टीका हुन्, युवा भनेपछि विवेकशील हुन्छन्, छन् । र, लामो समय सत्तामा द्यौसी खेलेर बसेका लोकतन्त्र, गणतन्त्र भनेर भ्रष्टाचारमा डुब्ने नेताहरु अब त ब्यूँझ, आगो बल्यो भने केही बाँकी नरहने रहेछ भन्ने सत्य बुझ । देशलाई गृहयुद्धमा धकेल्ने कि पापकर्मको प्रायश्चित्त गरेर इतिहास निर्माण गर्ने ? वर्तमान त कलंकित भइसक्यो, भविष्यलाई कलंकित नगर्ने र लेण्डुप बनेर बदनाम नहुने हो भने अलिकति राम्रो काम गरौं, नवयुवाहरुलाई साथ दिएर हेर्नु आवश्यक छ । चेत खुलोस् ।

## देश हामीले नबनाए, कसले बनाउँछ ?




काठमाडौं । जेनजी आन्दोलनको २३ र २४ गतेका दिन, सडकमा उर्लिएको भीड, उठेका नारा र त्यसले पारेको हानी-नोक्सानको स्मरण गर्दै अधिवक्ता कृष्णप्रसाद खनाल (विराज) भन्छन्- "राज्य निर्माणको जिम्मेवारीबाट कसैले पनि उम्कन सक्दैन । यो बोझ मात्र सरकारको काँधमा छैन, यो त हामी सबै नागरिकको साझा कर्तव्य हो ।"

उनको स्वरमा विरोधको चर्को आवाज मात्र होइन, विकल्पसहितको आग्रह मिसिएको छ । उनी भन्छन्, "विरोधका लागि मात्र विरोध गर्ने समय सकिएको छ । अब संवादका ढोका खोलौं, विकल्पका बाटा खोजौं । म र मेरो टिम तयार छौं, के तपाई पनि तयार हुनुहुन्छ?"

धुलिखेल नगरपालिका-८ निवासी खनाल उमेरले पचास कटे पनि उनका आँखामा अझै युवा जोश झल्किन्छ । वकिल पेशामा दुई दशकभन्दा बढी समय बिताएका उनले जीवनलाई न्याय र सेवाको धरोहर बनाए । उनका लागि अदालतको कठघराले मात्र होइन, गाउँगल्लीका विपन्न मानिसहरूको आँसु पुछ्नु पनि समान महत्व राख्छ ।

करिब २३ वर्षअघि उनले सुरु गरेको नि:शुल्क कानुनी सेवा, पैसावालालाई मात्र होइन, आम मानिसलाई पनि न्यायको ढोका उघार्ने प्रयास थियो । उनी भन्छन्, "न्याय पैसाले किन्न सक्ने वस्तु होइन, यो प्रत्येकको हक हो ।" यही विश्वासले उनलाई समाजमा निरन्तर सक्रिय राखेको छ ।

२०७२ सालको विनाशकारी महाभूकम्पताका खनाल उद्धार र राहतका काममा अग्रपंक्तिमा देखिए भने कोभिड-१९ को अन्धकारमा पनि उनले राहतको उज्यालो बाले । यसअघि उनी करिब एक दशक यूनिसेफमा कार्यरत रहँदा बालबालिका र समुदायका लागि गरेका योगदान आज पनि स्मरणीय छन् ।

देशका युवाहरू किन पलायन भइरहेका छन् ? यसबारे खनालको स्वरमा पीडा मिसिन्छ । "यदि सरकारले समयमै रोजगारी सिर्जना गर्ने गम्भीर योजना ल्याएको भए, युवाशक्ति परदेशिनुपर्ने थिएन । न त पछिल्लो 'जेनजी आन्दोलन' नेपालले भोग्नुपर्ने थियो," उनी भन्छन् ।

उनी वैज्ञानिक भूमि सुधार, स्वचालित प्रशासनिक प्रक्रिया र रोजगारी प्रत्याभूत गर्ने योजनामा सरकार गम्भीर हुनुपर्ने आवश्यकता जोडले उठाउँछन् । उनका अनुसार, घरमै बसेर विना झण्झट सरकारी सेवा लिन सक्ने व्यवस्था सम्भव छ, तर राज्यको उदासीनताले जनता अझै निराशाको अन्धकारमा छोडिएको छ ।

खनाल भन्छन्, "जेनजी आन्दोलनका घटनाहरूको निष्पक्ष छानबिन आवश्यक छ । त्यसका लागि सक्षम नेतृत्वमा आधारित समावेशी उच्चस्तरीय समिति गठन हुनैपर्छ ।" उनी कुनै दलसँग प्रत्यक्ष संलग्न नभए पनि न्याय, समानता र नागरिक अधिकारका सवालमा स्पष्ट र दृढ छन् ।

उनका लागि न्याय केवल कानुनी शब्द होइन, यो जीवनको दर्शन हो । उनका लागि समाजसेवा केवल कर्तव्य होइन, आत्माको आवाज हो । र उनका लागि राज्य निर्माण केवल नेताहरूको काम होइन-यो सम्पूर्ण नेपालीको साझा उत्तरदायित्व हो ।




## दशैंको खसीको सालिक

दशैंको खसीको शालिक । शालिक ठूलो मान्छेको मात्र कहाँ राखिन्छ र ? खशी पनि ठूलै हो, शालिक बन्यो ।

धनकुटाको साँगुरीगढी पालिका ३ स्थित तमोर करिडोरमा जोडिएको बाखा पकेटक्षेत्र हो कुशेटार । कुशेटारका किसानले उन्नत जातको बाखा बाखी खसीको शालिक बनाएर सजाएका छन् । परिचय दिएका छन् ।



## चाडपर्व प्रति सम्मान गरौं

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरेर चाडपर्व मनाऔं,
- सभ्य, शिष्ट र मर्यादित रुपमा चाडपर्व मनाऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म संस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

